CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

...ो कर्मकाण्ड र ज्ञानकाण्ड

...कर्मकाण्ड र ज्ञानकाण्ड

...०७४

...६

ब्रह्मनिष्ठ डा० क्षितीशचन्द्र चक्रवर्ती

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

(वेदान्त - २४०)

८६३२

वेदान्त

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

वेदको

कर्मकाण्ड र ज्ञानकाण्ड

ब्रह्मनिष्ठ डा० क्षितीशचन्द्र चक्रवर्ती

कुलपति—अद्वैत महाविद्यालय
नारायणगढ, नेपाल

संस्थापक—अद्वैत संस्था
नारायणगढ, नेपाल

प्रकाशिका
लीलाकुमारी देवी ज्ञवाली
रिडी, नेपाल।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

प्रकाशिका—
लीलाकुमारी देवी ज्ञवाली
भक्तिनी टोल, रिडी
नेपाल ।

पहिलो पटक : ११००

संवत् : २०२५

Rs 6 00
मूल्य : १०|-

मुद्रक—
सगरमाथा छापाखाना
पियरी कलाँ, वाराणसी।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF



ब्रह्मनिष्ठ डा० क्षितीशचन्द्र चक्रवर्ती
कुलपति—अद्वैत विश्वविद्यालय
संस्थापक—अद्वैत संस्था, नारायणगढ, नेपाल

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

ग्रन्थ परिचय

यो "कर्मकाण्ड र ज्ञानकाण्ड" ग्रन्थरत्न ०२४ साल भाद्र महीनामा इन्दौर-निवासी नेमिचन्द जैनको आमन्त्रणमा परमपूज्य गुरुसहितको अद्वैत संस्थाका सबै पदाधिकारीको सम्मेलनमा सज्जन नेमिचन्दज्यूको निवासस्थानमा लेखिएको हो। यो सानो ग्रन्थमा सम्पूर्ण वेदको (कर्म र ज्ञानको) रहस्य उद्‌घाटन गरिएको छ। संस्कृत भाषादेखि अनभिज्ञ जनको लागि त यो ग्रन्थ सर्वोत्कृष्ट र परमोपादेय नै छ, त्यसअतिरिक्त संस्कृतका विद्वानहरूलाई पनि यो ग्रन्थ परमप्रयोजनीय सिद्ध हुन्छ। किनकि वेदको अन्त साक्षात् ब्रह्मस्वरूपको ज्ञान प्राप्त ज्ञानीविना उसको उद्‌घाटन हुनु कथमपि संभव छैन। यो ग्रन्थले ग्रन्थकर्ताको महान ज्ञानीपनको साथै अत्यन्त सार्थक विद्वत्ता र परम निःस्वार्थ दया प्रकट गरिराखेको छ।

नेपालमा धेरै विद्वान जन्मे र जन्मिरहेका छन् तर भानुभक्तले आफ्नो भाषाको उत्थानद्वारा आफ्नो अमर कीर्तिलाई फिंजाएर जानुभयो। त्यसरी नै हाम्रो नेपालमा पठित विद्वान् छैनन् यस्तो हैन? तथापि सरल नेपाली भाषाद्वारा वेदका सारभूत अर्थहरूको उद्‌घाटन यसरी आजसम्म कुनै विद्वानले गरेको पाइँदैन। जसको माध्यमले सर्वसाधारण नेपाली जनको ज्ञानचक्षु प्रकट भैहाल्छ र सरल मातृभाषाद्वारा वेदमा बताइएको परमार्थ सत्य अद्वितीय ब्रह्मवस्तुको ज्ञान (साक्षात्कार) सहजले प्राप्त गर्न सकिन्छ यसमा शंका छैन। यो हो नेपाली जनप्रति ग्रन्थकर्ताको निःस्वार्थ सेवा।

यस अतिरिक्त "अद्वैत तात्पर्य या वेदार्थ निरूपण" (चार वेद र उपनिषद्‌हरूको सारभूत अर्थ) लेखिँदै छ। यो सानु पुस्तिकाको विषद व्याख्याको रूपमा यो ठूलो ग्रन्थ बन्दैछ, जो अद्वैत विश्वविद्यालयको दोस्रा सालको लागि निर्धारित गरिएको छ। यो ग्रंथ श्री अञ्चलाधीश नन्दबहादुर मल्लज्यू गण्डकी अञ्चल पोखराको निवेदनमा प्रकट भएको हो।

यस्तो सानो भए पनि अत्यन्त मर्मलाई प्रकट गरिराखेको यो वेदको

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

रहस्य ग्रन्थ—जसको श्रवण, मननद्वारा मानिसको जन्म सफल भैहाल्छ प्रकाशित गर्नमा जुन परमात्माले प्रेरणा गरीकन लीलाकुमारीलाई प्रेरित गर्नुभयो यस्तो वहाँको उदारमतिलाई म धेरै धन्यवाद अर्पन्छु र यस्तै सुमति वहाँको सदा भैराखोस् भनी कामना गर्दछु ।

यो ग्रन्थको ०२४ सालमा रिडी हृषीकेश मन्दिरमा परमपूज्य गुरु डा० चक्रवर्तीज्यूको आगमनमा १२ दिनसम्म विशदरूपले व्याख्या पनि भएको थियो जसमा धेरै अद्वैत संस्थाको परिवार र अन्य भक्त-जनहरूको समावेश थियो । त्यसकारण यो ग्रन्थ अत्यन्त पवित्र रूपले सावित पनि भैराखेको छ, स्वयं भगवान हृषीकेशले यसमा प्रवेश गर्नु-भएको छ । उही हृषीकेश भगवानको यो आफ्नो ग्रन्थ प्रकाशित गर्न हृदयमा प्रेरित भैकन पुण्यमती लीलाकुमारी देवीलाई प्रेरित गरीकन पुण्यात्मा नेपाली जनको कल्याण गर्दछ ।

यो हो पुण्यभूमि नेपालको पुण्यस्थल रिडी क्षेत्र र भगवान हृषीकेशको प्रसन्नताको र पुण्यात्मा नरेशको सुशासनकालको शुभ सूचक ।

यस अतिरिक्त अद्वैत विद्यालय, अद्वैत महाविद्यालय र विश्व-विद्यालयको स्थापनाद्वारा ग्रन्थकर्ताको महान देन प्रकट भैराखेको छ । यो सर्व नेपाली जनले कैले पनि बिर्सन सक्नेछैन ।

गोविन्दराम श्रेष्ठ

शिवरात्रि
२०२५

सरस्वती "अद्वैत भारती"
वेदार्थविद्, देशिकोत्तम,
"नवरत्नको अन्यतम रत्न",
सभापति—अद्वैत संस्था
नारायणगढ
(चितवन) नेपाल ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF



श्रीमती लीलाकुमारी देवी ज्ञवाली
भक्तिनी टोल, रिडी, नेपाल

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

गुरुवन्दना

श्रीगुरुको अनुग्रहविना भवसागरबाट तर्ने आर्को उपाय छैन भन्ने हामीले सुनेका थियौं। भवसागरबाट पार लगाइदिने श्री गुरुको खोजी भैरहेको थियो। अनन्त जन्मको पुण्यको उदयले साक्षात ब्रह्मज्ञानी गुरु पायौं। गुरुबाट आज्ञा भयो—"हेर, सारा कर्ता सुख दुःख भोग र सम्पूर्ण जगत् दृश्य-रूप त्रिपुटीमा बसेको छ। प्रमाता र उसको जगत् छ त्रिपुटीको भित्र। तिमी हौ त्रिपुटीको प्रकाशक। तिमीमा अरू कुनै कुरा छैन—यतिलाई अद्वैत भन्छन्। तिम्रो वास्तव परिपूर्ण सुख र आनन्द स्वरूप हो अद्वैत। गुरु वास्तव हो तिम्रो भित्र सधैं बलिराखेको प्रकाश वस्तु। तिमी हौ शुद्ध प्रकाश असंग अद्वितीय एकरस चैतन्य ब्रह्म। त्रिपुटीको परित्यागपूर्वक चैतन्य ब्रह्मलाई अंगीकार गर।"

यस प्रकार उपदेश पाईकन हाम्रो भूल हट्यो। आफूलाई खास शुद्ध चैतन्य ब्रह्म भनी श्रद्धाको बलले ग्रहण गर्‍यौं। जीवभाव मूल अज्ञानसहित विनष्ट भो। हामीले परमानन्दरूप मोक्षलाई प्राप्त गर्‍यौं। आज श्रीगुरुको दयाले अद्वैत संस्था मिलेको छ। त्यसको सहारा लीकन एवं श्रीगुरुका अमृतमय उपदेश श्रवण गरेर एवं श्रीगुरुद्वारा रचित नेपाली वेदान्त ग्रन्थहरूको अवलोकन गरेर कैयन् पुण्यात्मा नेपालीहरू आफ्नो अविनाशी सच्चा स्वरूपलाई चिह्नेर परम सुखी बनेका छन्। हामीहरूले स्त्रीजाति भएर पनि बहुजन्म समर्जित पुण्यले संसारबाट तर्ने मौका पायौं। यो कसैको लागि असंभावित भए पनि हाम्रो लागि अनुभवको विषय हो।

आदर्श महात्मा श्री १०८ दण्डी स्वामी कृष्णबोधाश्रमज्यू र बाबु ज्ञानेश्वरको सत्प्रेरणासमेतबाट श्रीगुरुबाट रचित यो अनमोल ग्रन्थ "वेदको कर्मकाण्ड र ज्ञानकाण्ड" प्रकाशित गरी तारक अद्वैत विश्वविद्यालय रिडीथोर्गालाई समर्पण गर्ने सुवर्ण मौका पाएकीमा आफूलाई धन्य धन्य संझेकी छु। अन्त्यमा, शंकराभिन्न श्रीगुरुमा वन्दना गरी श्रद्धापूर्वक यस ग्रन्थरत्नको अवलोकन गरी आफ्नो जीवन सफल गर्न मुमुक्षुहरूप्रति सविनय अनुरोध गर्दछु।

प्रार्थयिता—लीलाकुमारी, रिड़ो

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

दुई शब्द

अद्वैत विश्वविद्यालयको पाठ्यक्रममा समाविष्ट प्रस्तुत ग्रन्थरत्न गत ०२४ साल फागुन १ गतेदेखि पुण्यभूमि रिडीमा सम्पन्न भएको महासत्संग समारोहको लागि लेखिएको हो ।

श्री ब्रह्मनिष्ठ गुरुदेवको कस्तो दया छ—हामी के बयान गर्न सक्छौं ? एक पटक मैले पत्रमा विन्ति गरें—"वेदको धर्म नेपालभर फैलियोस् पुण्यात्मा नेपालीहरूको यस्तो माग छ" । कलकत्तामा श्रीगुरुको हृदयमा 'वेदको कर्मकाण्ड र ज्ञानकाण्ड' फुरिसकेछ । सौभाग्यवश श्रद्धालु सेठ नेमिचन्दजी जैन इन्दौर-को निमंत्रणमा लगभग ३०–३२ भक्तहरूसहित इन्दौर पुग्यौं । गुरुबाट सम्पूर्ण ग्रन्थ वहीं लेखाइबक्स्यो । व्याख्यासहित यो ग्रन्थरत्न लेख्ने जो जो भक्तहरूले मौका पाउनुभो वहाँहरूले वेदको असली रहस्यलाई थाह पाउनुभो ।

०२४ साल फागुन १ गतेदेखि ७ गतेसम्म रिडीमा पुण्यात्माहरूले यही ग्रन्थभित्र उल्लिखित वेदको रहस्यलाई श्रीगुरुदेवको मुखारविन्दबाट श्रवण गर्नुभो । वेदको खास मर्मको ज्ञाताविना कसरी हामीले सार कुरा पाउने र लाभवान् बन्ने । त्यसैले आजसम्म वेदको रहस्य अज्ञातरूपमा नै थियो । अतएव परम हितकारी श्रुतिमाताबाट हामीहरू उपकृत हुन सकेका थिएनौं—अर्थात् वेदको वास्तव सिद्धान्त अद्वैत वस्तुको निरूपण गर्नु हो—यस रहस्यबाट परिचित हुन सकेका थिएनौं ।

कर्म र उपासनाको समुच्चय हुन्छ—अर्थात् कर्म र उपासना साथसाथै चल्छ । ज्ञान स्वतंत्र हो यही सर्वमान्य सिद्धान्तलाई यो ग्रन्थरत्नमा सरल ढंगले देखाइएको छ । अतएव वेद त्रिकाण्डात्मक हो तापनि उपासनालाई कर्मको अन्तर्गत मानीकन "वेदको कर्मकाण्ड र ज्ञानकाण्ड" भनी यो ग्रन्थको नामकरण गरिएको हो ।

रिडी समारोह पहिले १२ दिनको लागि राखिएको थियो । पछि ७ दिन निश्चित गरिएपछि सातै दिनमा १२ दिनको विषय पूज्य बाबुबाट बताइबक्से-को थियो । अतएव यहाँ १२ दिनको प्रवचनको बेग्ला बेग्ले शीर्षकहरू दिइएका छन् ।

ग्रन्थको विशेषता विज्ञ पाठकहरू स्वयं बुझ्नुहुनेछ । वेदशास्त्रको उद्देश्य

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

हो—सम्पूर्ण अनात्म दृश्य प्रपञ्चको आत्यन्तिक निरसनपूर्वक एक अद्वितीय परिपूर्ण ब्रह्म—जो जीव, जगत् र ईश्वरको वास्तव स्वरूप हो —मा मुमुक्षुलाई पुन्याइदिनु। यसको लागि साधारण अर्थात् अशुद्ध चित्त मानिसदेखि लिएर विशेष अर्थात् शुद्ध चित्त मुमुक्षु पुरुषहरूलाई सुस्पष्टरूपमा वेदको मार्ग प्रदर्शन गरिएको यो ग्रन्थरत्न कति उपकारी छ त्यो त श्रद्धापूर्वक अवलोकन गर्ने मुमुक्षुहरूको अनुभव नै प्रमाण हुनेछ।

हामी नेपालीहरूलाई यस कुरामा पूरा गर्व छ—हामी जगज्ज्येष्ठ हिमालयका जसरी वासिन्दा थियौं त्यसै गरी हिन्दूधर्मका अवलम्बी ईश्वरविभूति राष्ट्र-नायक श्री ५ महाराजाधिराज महेन्द्रको छत्रछायामा हुर्कन पायौं अनि हामीले नभै नहुने आत्मज्ञानबाट परिचित हुने सुअवसर पायौं। आज विश्वलाई नेपालबाट प्राप्त हुने उपहारहरूमध्ये आत्मज्ञान पनि एक हो भन्न हामी हिच-किचाउँदैनौं। यही पुण्यभूमि नेपालको वरदान प्राप्त गरी ब्रह्मज्ञानी हुनु-भएका स्वनाम धन्य श्रीगुरुचरण चक्रवर्तीज्यू आज नेपालको ऋण आत्मज्ञान-को विस्तारबाट तिर्न कटिबद्ध होइबक्सेको छ।

यो भनिरहनु आवश्यक छैन कि आज जुन तीव्र गतिबाट अद्वैत संस्थाले आफ्नो लक्ष्यलाई देशभर फैलाउन सफलता हासिल गर्दै गएको छ त्यो निकट भविष्यमा नै पुण्यभूमि नेपालबाट बाहिर पनि नछचल्किइरहने छैन। आत्म ज्ञान प्राप्त गरी चिरसुखी बन्नको लागि नै नेपालमाताको गर्भमा नेपालीहरू आइरहेका छन् यस्तो हाम्रो अडकल खेर नजाने देख्छौं—कारण पुण्यले मात्र उत्तराखण्डको जन्म मिल्छ यो कुरा हामीले प्रशस्त आर्ष ग्रन्थहरूमा पढिरहेका छौं। 'यथा राजा तथा प्रजा' यो उक्तिअनुसार परम आस्तिक्यमूर्ति श्री ५ महेन्द्र आज अद्वैत वेदान्त दर्शनको व्यापक प्रचार प्रसारमा प्रेरणाको स्रोत होइबक्सेको छ। तब न यसरी दिनानुदिन चिरकालदेखि विस्मृत सुखको पुञ्जभूत आफ्नो सच्चा स्वरूप परमात्मालाई पाईकन प्रशस्त संख्यामा पुण्यात्मा नेपालीहरू कृतकृत्य बनिसकेका छन् र बन्दैछन्।

अन्तमा यो ग्रन्थरत्नकी प्रकाशिकाप्रति धन्यवाद ज्ञापन गर्दै परमाराध्य श्रीगुरुपादारविन्दमा सभक्ति वन्दना गरी यहीं विदा लिन्छु।

विनीत

चैत्र कृष्ण अष्टमी, २०२५

ज्ञानेश्वरशरण ज्ञवाली 'सरस्वती'
उपकुलपति—अद्वैत विद्यालय,
रिडी (थोर्गा), गुल्मी।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

विषय–सूची

विषय	पृष्ठ
वेदको कर्मकाण्ड र ज्ञानकाण्ड दुवै भागको अविरोध	१
द्वैत (दृश्य जगत) असत्य किन हो ?	३
ज्ञानकाण्डमा विरोध	४
प्रमाणको बारेमा विचार	५
प्रमाण र प्रयोजन	७
भेद र अभेद	७
अद्वैत वस्तु हो वेदको तात्पर्य	७
जगत हो मिथ्या	१०
ज्ञान र कर्मका सहावस्थान र अंगांगी भावको विचार	१२
(मन्द अधिकारीको लागि)	१५
सगुण र निर्गुण उपासना	१६
सगुण उपासना (सप्रपञ्च ब्रह्मको उपासना)	
(क) शाण्डिल्य विद्या	२१
(ख) दहर विद्या	२२
सगुण उपासना तल देखाइएको प्रकारले ब्रह्मज्ञानमा परिसमाप्त हुन्छ	२५
योग (वृत्ति निरोध) चित्र	२६
(उत्तम अधिकारीको लागि) साक्षात्कार ब्रह्मस्वरूपको निरूपण	२७
कारणको ज्ञानबाट कार्यको ज्ञान	२७
जगतको निमित्त उपादान कारण हो ब्रह्म	२९
सृष्टिको पहिले जगत सद्रूपमा विद्यमान थियो	३१
सृष्टि प्रणाली वर्णन	३२
त्रिवृतकरणको निम्ति दृष्टान्त	३५
त्रिवृतकरणको आशय	३७
ब्रह्मस्वरूपको साक्षात् निरूपण (क्रमप्राप्त)	३७
समस्त भूत हो त्रिवृतकृत	४०
सुषुप्ति (र स्वप्नतत्वको) विचार र मृत्युको विचार	४२
ब्रह्मस्वरूपको साक्षात् निरूपणमा शंकाहरू र तिनको समाधान	५१
सुषुप्ति र मृत्युपछि जीव विद्यमान रहन्छ	५४
ब्रह्मगीतामा प्रतिपादित ईश्वर वचनको पाठ र व्याख्या	६५
संक्षिप्त प्रतिपाद्य विषयहरू	६५

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

वेदको

कर्मकाण्ड

र

ज्ञानकाण्ड

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

वेदको कर्मकाण्ड र ज्ञानकाण्ड दुवै भागको अविरोध

वेदशास्त्रमा जस्तो अद्वैत ब्रह्मस्वरूपको बयान पाइन्छ त्यसको कर्ता कारक र फलयुक्त द्वैत प्रपञ्चको पनि वर्णन छ। त्यसकारण द्वैत श्रुति अप्रामाणिक होइन–किन्तु द्वैत र अद्वैत श्रुतिको अविरोध छ।

उपनिषदरूप वेद भागले सर्वदा बाधरहित अद्वितीय ब्रह्म स्वरूपलाई तात्पर्यरूपले प्रतिपादन गरेको छ, तर कर्मकाण्ड रूप वेद भाग त्यो पारमार्थिक सत्यब्रह्ममा परिकल्पित द्वैत-प्रपञ्चलाई अवलम्बन गरेर स्वर्गादि फल प्राप्तिको निति याग, होम आदिको विधान गर्दछ। त्यसकारण उभय वेद भागको विषय भिन्न-भिन्न भएका हुनाले यो दुई भागभित्र कुनै विरोध हुन सक्दैन। त्यसकारण यो सिद्ध हुन्छ कि सर्वदा बाधरहित भएको हुनाले अद्वैत हो परमार्थ सत्य र भोक्ता भोगरूप द्वैत-प्रपञ्च कल्पित भएको हुनाले त्यो हो व्यावहारिक सत्य।

क्रिया कारक आदि भेदयुक्त जगत हो व्यावहारिक रूपले सत्य। सत र ज्ञानस्वरूप ब्रह्म हो साक्षात् परमार्थ वस्तु। स्वर्ग अपूर्व र देवता आदि प्रपञ्च हुन्। परमात्मास्वरूपमा आरोपित भएको जो माया हो त्यो मायाद्वारा परिकल्पित छ। त्यसकारण ज्ञानकाण्डको प्रतिपादित विषय हो अकल्पित र कर्मकाण्डको प्रतिपादित स्वर्गादि विषय हुन् कल्पित।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

कल्पित द्वैतपरक भएको हुनाले कर्मकाण्ड असत्य हुन्छ र यसरी सारा वेदार्थ हो सत्य यस्तो नियम भंग हुन्छ यस्तो भन्नु ठीक छैन, किनकि मायाद्वारा कल्पित सारा आकाश आदि पदार्थलाई व्यावहारिक सत्य भन्दछन् र सिपीमा कल्पित चाँदीलाई व्यवहारमा पनि असत्य भन्दछन्। यसरी व्यवहारमा सत्य र असत्य भनी भेद देखिन्छ। त्यस्तो कर्मकाण्डलाई व्यावहारिक सत्य भनेको छ।

जगतलाई व्यावहारिक सत्य भनी स्वीकार गरेको हुनाले वेदार्थको सत्यताको हानि हुँदैन। प्रमाता भाव रहेसम्म जसको बाध हुँदैन यस्तो जगत हो व्यावहारिक सत्य। जसको कैले पनि बाध हुँदैन अर्थात् सबै कालमा जुनचाहिं बाधरहित हो यस्तो ब्रह्म वस्तुलाई साक्षात् (परमार्थ) सत्य भनेको छ। यो दुवैलाई (जगत र ब्रह्मलाई) वेदले प्रतिपादन गरेको छ। वेद भिन्न अरू शास्त्रमा परमार्थ सद्वस्तुको प्रतिपादन सम्भव छैन।

व्यावहारिक सत्य वस्तु नै हो परमार्थ सत्य यस्तो भन्न सकिँदैन। मृत्तिकारूप कारण भएमा नै त्यसमा घटरूप कार्यको लय देखिएको हुनाले कारण मात्र हो साँचो र कार्य हो झूटो यस्तो प्रसिद्धि संभव हुन्छ त्यस्तो कारणभूत ब्रह्मस्वरूपको अपेक्षाले त्यसको कार्यरूप आकाश आदि जगत हो असत्य। तर घर भित्ता आदि कार्यको कारणरूप भएको हुनाले जगत हो (घर आदिको अपेक्षाले) सत्य।

घर भित्ता आदि तिनीहरूको कारणभूत आकाश आदि महाभूतहरूको अपेक्षाले असत्य भए तापनि सिपीमा कल्पित रजत आदिको अपेक्षाले घर भित्ता आदि हुन् साँचो। यसको

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

कारण यो हो कि सिपीमा देखिने जुन चाँदी हो त्यो प्रमाता भाव रहे पनि बाधित भै हाल्छ तर घटादि पदार्थ प्रमाता भाव रहेसम्म अवाधित रहन्छ ।

यसरी एकै वस्तुको व्यावहारिक दृष्टिमा सत्यता र पारमार्थिक दृष्टिमा असत्यता विरुद्ध छैन । जसले स्वप्नावस्था मिथ्यारूप भए तापनि स्वप्न दृष्ट पदार्थ भावी सत्य फलको सूचक हुन्छ । त्यस्तो व्यावहारिक सत्य कर्मकाण्ड सोपान क्रमले परमार्थ सत्य ब्रह्म वस्तुको प्राप्तिको हेतु हुन्छ । तर कर्मकाण्डको (निष्काम कर्म र उपासनाको) चित्त-शुद्धिरूप फल मिलेपछि कर्मपरित्यागपूर्वक ज्ञानकाण्डमा निष्ठा गर्नुपर्छ ।

द्वैत (दृश्य जगत) असत्य किन हो ?

दृश्यमान जगत प्रपञ्च सिपीको चाँदीदेखि विलक्षण भएको हुनाले र अविरोधी व्यवहारको कारण भएको हुनाले किन पारमार्थिक सत्य हुँदैन ? यो शंकाको परिहार गरिन्छ । द्वैत जगत ब्रह्मात्मस्वरूपमा आरोपित भएको हुनाले त्यो हो असत्य, जस्तो सिपीको चाँदी हो । अविसंवादो व्यवहार देखिन्छ तापनि जगत दृश्य भएको हुनाले दृक् स्वरूप आत्मामा कल्पित छ । यस्तो स्वीकार गर्नुपर्छ । कल्पित भएको हुनाले जगत हो यस्तो मान्नुपर्छ । द्वैत प्रपञ्च आफू जड भएको हुनाले त्यो आफूबाट प्रकाशित हुन सक्दैन । त्यसकारण त्यो दृक्स्वरूप स्वप्रकाश परमात्म चैतन्यद्वारा नै भासित भएको हुनाले त्यसलाई दृश्य भन्नुपर्छ । सम्पूर्ण द्वैत जगत दृश्य (चैतन्यबाट प्रकाशित) भएको हुनाले त्यो हो मिथ्या । सम्पूर्ण द्वैत जगत कल्पित भएको हुनाले द्वैतविषयक कर्मकाण्ड पनि कल्पित

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

विषयक भनी सिद्ध हुन्छ (गीता २।४५ र स्वरूप प्रकाश पृष्ठ १०७ देखि १०९ सम्म हेर्नुहोस्)। दृश्य द्रष्टाविना सिद्ध हुन नसकेको हुनाले दृश्यभाव हो भेद सापेक्ष तर भेदरहित परमात्मास्वरूपमा दृश्यत्व नभएको हुनाले आत्मा हो अकल्पित, त्यसकारण अद्वैत हो सर्वदा बाधरहित र परमार्थ सत्य।

यसरी वेदको ज्ञानकाण्ड हो सत्य अद्वैत वस्तुपरक र वेदको कर्मकाण्ड हो कल्पित द्वैतपरक। त्यसकारण काण्डद्वयको प्रतिपाद्य विषयको भेद रहेको हुनाले काण्डहरूको अविरोध सिद्ध भयो।

ज्ञानकाण्डमा विरोध

प्र०—यहाँ कर्मकाण्ड र ज्ञानकाण्डभित्र विरोध नरहोस् तर ज्ञानकाण्डमा "यो शरीररूपी वृक्षमा दुइवटा पक्षी निवास गर्छन्" यस्तो वाक्यमा भेद देखिन्छ र "तिमी हौ परमात्मास्वरूप" यस्तो वाक्यमा अभेद पनि देखिन्छ। त्यसकारण द्वैत श्रुति र अद्वैत श्रुतिभित्र आपसमा विरोध भएको हुनाले वेद प्रामाणिक सिद्ध हुन सक्दैन।

उ०—ज्ञानकाण्डमा तिमीले विरोध देखायौ, त्यो हो प्रातीतिक मात्र। यो शरीरमा बिम्बस्वरूप ईश्वर प्रतिबिम्बस्वरूप जीव निवास गर्छ। बुद्धिमा प्रतिबिम्बित जो चैतन्य (जीव) हो त्यो भ्रम बुद्धिसित मिलीकन कर्मफल भोग गरिरहन्छ। तर बिम्बभूत अद्वितीय साक्षीचैतन्यको बुद्धिसँग तद्रूपता सम्भव छैन। त्यसकारण त्यो हो शुद्ध चैतन्य र आनन्दघनरूप—त्यो उदासीन मात्र भैकन प्रकाशमान भैरहेछ। यसरी देखाइएको छ कि अन्तरात्मा (क्षेत्रज्ञ) भोक्ता हैन त्यसकारण "दुइ पक्षी"

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

यो श्रुतिले जीवको सारा भोग साक्षात्‌रूपले निषेध गरीकन अद्वैत वस्तुलाई प्रतिपादन गरेको छ। (गीतामृत पृ. ४१८, ४१९ हेर्नुहोस्) त्यसकारण भेद श्रुति हो कल्पित द्वैतपरक र अभेद श्रुति हो परमार्थ अद्वैत वस्तुपरक। यसरी दुईको भित्र अविरोध सिद्ध भयो।

प्रमाणको बारेमा विचार

प्र०—भेद र अभेद यदि समान रूपले श्रुतिको अर्थ हो भने अभेदलाई पारमार्थिक र भेदलाई कल्पित भनी कसरी भन्न सकिन्छ ?

उ०—प्रत्यक्ष किवा अनुमानद्वारा जुन कुरालाई बुझ्न सकिँदैन त्यसलाई बुझाउनु हो प्रमाण। त्यसकारण प्रमाण भूत वेद शास्त्र प्रत्यक्षादिको अविषयक अर्थलाई प्रतिपादन गरेर प्रामाण्य प्राप्त हुन्छ। अद्वैत हो प्रत्यक्ष आदिमा अगम्य त्यसकारण त्यो नै हो श्रुतिको एकमात्र तात्पर्य।

प्र०—प्रत्यक्ष आदि प्रमाणको अविषय अद्वैतलाई श्रुतिले कसरी तात्पर्यरूपले प्रतिपादन गर्न समर्थ भएको छ ?

उ०—प्रत्यक्षादि प्रमाणको अतीत (प्रमाणको अविषय) स्वर्गरूप अपवर्गलाई (फलसिद्धिलाई) जस्तो वेदले जनाइदिन्छ त्यस्तै अद्वैत (ब्रह्मवस्तु) लाई पनि ज्ञापन गर्नमा समर्थ हुन्छ।

प्र०—अरू प्रमाणको अविषय यस्तो ज्ञान कसरी प्रामाणिक हुन सक्ला ?

उ०— सारा ज्ञान हो स्वतःप्रमाण। दुष्ट प्रमाणबाट

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

उत्पन्न भएको ज्ञान बाधित भैहाल्छ तर श्रुतिको कुनै प्रकारको दोष हुन सक्दैन ।

श्रुतिको स्वतः दोष छैन किनकि त्यो अभीष्ट अर्थलाई ज्ञापन गर्नमा समर्थ हुन्छ, परतः श्रुतिको कुनै दोष छैन किनकि श्रुति हो अपौरुषेय । मनुष्यबाट रचित हैन किन्तु ईश्वरबाट रचित हो । यसरी निर्दिष्ट प्रमाणरूप श्रुति बाधित हुन सक्दैन । श्रुति हो स्वतःसिद्ध प्रमाण । प्रत्यक्ष आदि प्रमाणदेखि श्रुति हो प्रबलतर प्रमाण, किनकि प्रत्यक्ष आदि प्रमाण दोषलाई लिएर उत्पन्न हुन्छन् ।

प्र०—श्रुतिको प्रामाणिक हुनाको कारण के हो ?

उ०—अज्ञात अर्थको ज्ञापक भएको हुनाले श्रुति (वेद-शास्त्र) हो प्रमाण—जुन प्रत्यक्ष आदि प्रमाणबाट जानिदैन यस्तो जो अद्वैत ब्रह्मवस्तु हो त्यो श्रुतिबाट जानिने हुनाले श्रुतिको प्रामाणिकता सिद्ध हुन्छ । अज्ञान ज्ञापकतालाई प्रामाण्य भनेको छ । अद्वैतविषयक ज्ञानबाट मनुष्यको प्रयोजन सिद्ध हुन्छ तर कल्पित द्वैत (दृश्य) पदार्थको ज्ञान हो सर्वथा निष्फल । दृश्य प्रपंच मायिक र अवस्तुरूप भएको हुनाले त्यसको प्रतिपादन हो निष्फल, किनकि, त्यसमा कुनै बुद्धिमान मानिस प्रवृत्त हुँदैन । यसकारण प्रयोजनाधीन भएको हुनाले वेदशास्त्र द्वैतपरक हुन सक्दैन ।

प्र० अद्वैत प्रतिपादनबाट कुन प्रयोजन सिद्ध हुन्छ ?

उ०—अद्वैत ब्रह्मवस्तु (आफ्नो वास्तव स्वरूप) हो निर-तिशय आनन्दरूप, त्यसकारण, त्यसको प्रतिपादनबाट आफ्नो ब्रह्मस्वरूपको प्राप्ति भैहाल्छ । यो आफ्नो नित्य निरतिशय सरल स्वरूपको प्राप्ति हो मनुष्यको सर्वोत्कृष्ट प्रयोजन ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

प्रमाण र प्रयोजन

प्र०—प्रयोजनवशात् प्रामाण्यता भनीकन प्रयोजनलाई प्रमाणको अनुवर्ती भन्न किन नहुने ?

उ—प्रत्यक्ष आदि प्रमाण स्थलमा प्रमाणअनुसार (जस्तो आँखाद्वारा घट देखेपछि) प्रयोजन सिद्ध हुन्छ । श्रुतिबाट उत्कृष्ट प्रयोजन सिद्ध भएको हुनाले श्रुति मनुष्यलाई अद्वैत आत्म-स्वरूपको साक्षात्कारमा प्रवृत्त गराउँदछ । त्यसकारण श्रुतिको प्रामाण्य हो प्रयोजनको अधीन भनी निरूपित भएको छ । त्यसकारण जो वस्तुबाट मनुष्यको प्रयोजन सिद्ध हुन्छ त्यसको ज्ञापनमा नै श्रुतिको प्रामाण्य सिद्ध हुन्छ ।

प्र०—त्यसो भए "यो शरीरमा दुई पक्षी निवास गर्छन्" यस्तो श्रुतिले निष्प्रयोजन (जीव र ईश्वरको भित्र) भेदलाई कर्म देखाइएको छ ।

भेद र अभेद

उ—प्रत्यक्ष आदि प्रमाणद्वारा लोकसिद्ध द्वैतलाई (जीव र ईश्वरभित्र भेदलाई) अनुवाद गरीकन उक्त श्रुतिले जीवभाव-लाई भ्रममूलक भन्ने देखाईकन तात्पर्यरूपले अद्वैत ब्रह्मवस्तु-लाई नै प्रतिपादन गरेको छ र यस्तो सर्वत्र भेद श्रुति लोक-सिद्ध भेदलाई अनुवाद गरेको छ तर अभेद श्रुति तात्पर्यरूपले अद्वितीय परमार्थ वस्तुलाई प्रतिपादन गर्दछ । स्मृति र पुराण-हरू पनि यसरी अद्वैतपरक हुन् भनी जान्नुपर्छ ।

अद्वैत वस्तु हो वेदको तात्पर्य

सारा जगत प्रमेयको कल्पनाको मूल हो माया किंवा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अविद्या। अज्ञान र त्यसको कार्यभूत र भौतिक देह इन्द्रिय आदि सारा हुन् परमार्थ अद्वितीय वस्तुमा कल्पित। त्यसको निवृत्ति अधिष्ठानस्वरूपको यथार्थ ज्ञानबाट संभव हुन्छ यसरी माया र त्यसको कार्यको निवृत्तिलाई प्रतिपादन गरेर कुनै कुनै श्रुति त्यसबाट अखण्ड एकरस आत्मब्रह्मलाई तात्पर्यरूपले प्रतिपादन गर्दछ--त्यो हो निषेध मुखले ब्रह्मवस्तुको प्रतिपादन।

फेरि अरू श्रुतिहरूले साक्षात् विधिमुखले सत्यादि लक्षण ब्रह्मवस्तुलाई प्रतिपादन गरेको छ। "ब्रह्म स्थूल हैन, ब्रह्म सूक्ष्म छैन" यस प्रकार निषेध श्रुतिमा जो स्थूलता आदि अज्ञान कार्यको निवृत्तिको अवसान युक्तिरूप पारमार्थिक वस्तु हो त्यो हो ब्रह्म यस्तो विधान गरिएको छ। यस प्रकार जो हो असत्य जगतको अधिष्ठान त्यसलाई सत्य भनेको छ। सारा जड पदार्थ अवभासक भएको हुनाले त्यो अद्वितीय परमार्थ वस्तुलाई ज्ञान (चैतन्यरूप) भनेको छ र सधैं प्रेमको विषय भएको हुनाले त्यसलाई आनन्दरूप भनेको छ। अखण्ड एकरस ब्रह्ममा सत्यत्त्व चिद्रूपत्व आदि धर्मको योग सम्भव छैन तापनि सत्यादि सत्यलौकिक सत्यता आदि अर्थलाई ग्रहण गरेर जो अखण्ड ब्रह्मवस्तु हो त्यसमा मुमुक्षुलाई प्रवृत्त गराउनाको लागि सर्वदा व्यभिचाररहित भएको हुनाले ब्रह्मलाई सत्य भनी लक्षित गरिन्छ। आफूलाई र अरूको प्रकाशक भएको हुनाले त्यसलाई ज्ञान भनेको छ र अत्यन्त अनुकूल भनी प्रतीत भएको हुनाले त्यसलाई आनन्द भनेको छ। यसरी सत्य ज्ञान र आनन्द शब्दले लौकिक सत्यत्त्व आदिलाई स्वीकार गरीकन विधिमुखले अखण्ड वस्तुलाई लक्षणबाट प्रतिपादन गर्दछ (अद्वैत सुधा ग्रन्थ हेर्नुहोस्)।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

यसरी अतदव्यावृति रूपले र साक्षात् विधिमुखले श्रुति तात्पर्यरूपले अद्वैत वस्तुलाई प्रतिपादन गर्न समर्थ हुन्छ ।

प्र०—तब अज्ञानी संसारी जीव असंसारी सर्वज्ञ ईश्वर जगत प्रपञ्च यी तीनको गति के होला ?

उ०—एकै परमात्मा उपाधि भेदले यी तीन प्रकारले दृष्ट हुन्छ । उपाधि हो प्रकृति—त्यो हो सत्व, रज र तमरूप । जब रज तमलाई अभिभूत गरीकन विशुद्ध सत्व खडा हुन्छ तब त्यसलाई माया भन्दछन् जब रज र तमबाट अभिभूत भएर मलिन सत्व हुन्छ तब त्यसलाई अविद्या भन्दछन् । जब सत्व र रज अभिभूत हुन्छ तब तम प्रधान प्रकृति बन्दछ । यसरी जब विशुद्ध सत्वरूप मायामा परमात्मा प्रतिबिम्बितरूप हुन्छ तब यो प्रतिबिम्बलाई सर्वज्ञ सर्वेश्वर भनेको छ । जब मलिन सत्वमा (अविद्यामा) परमात्मा प्रतिबिम्बित हुनुहुन्छ तब त्यो प्रतिबिब अस्वतंत्र कर्ता भोक्ता संसारी जीवनामले कहिन्छ र त्यो परमात्मा नै तमप्रधान प्रकृतिरूप उपाधियुक्त हुन्छ । तब भूत भौतिक योग्य प्रपञ्च (जगत) रूपले पतित हुन्छ । एकै ब्रह्मवस्तु तम-प्रधान प्रकृतिरूप उपाधियुक्त भैकन जगतको उपादान कारण हुन्छ र विशुद्ध सत्व-प्रधान प्रकृतिरूप उपाधि-युक्त भैकन जगतको निमित्त कारण हुन्छ । यसरी एकै परमात्मा जगतको अभिन्न निमित्त उपादान कारण हुनुहुन्छ । उपाधि मिथ्या भएको हुनाले जगत चैतन्यदेखि वास्तवमा भिन्न हैन र जीव र ईश्वर हो वास्तवमा अभिन्न । यसरी एक पारमार्थिक सत्यवस्तु नै जीव ईश्वर र जगतरूपले प्रतीत भैरहेको छ ।

प्र०—तिमी हौ शुद्ध चैतन्य (ब्रह्म) यस्तो श्रुतिको उपदेशको अर्थ के हो ?

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

उ०—जीवभावापन्न साधकको वास्तवस्वरूप हो शुद्ध चैतन्य—यत्ति नै श्रुति बताउँछ। मलिन सत्व-प्रधान अविद्या उपाधियुक्त भएको हुनाले साधकको परमार्थ सत्यरूपले प्रतीत भैरहेको छ जो आफ्नो भ्रान्त जीवभाव श्रुतिले निवारण गरिदिन्छ। जगत कारणरूप उपाधियुक्त जो ब्रह्म चैतन्य हो र अज्ञान र तत्कार्यरूप उपाधियुक्त जो प्रत्यक् चैतन्य हो यी दुई हुन् एकै अद्वैत वस्तु। यो नै उक्त श्रुतिले उपाधिलाई परिहार गराएर जनाइदिन्छ।

प्र०—साधकको जीवभाव किन स्वाभाविक ह्वैन ?

उ०—यदि जीवत्व स्वाभाविक हुँदो हो त युक्त अवस्थामा पनि त्यो जीवभावको निवृत्ति हुन सक्ने थिएन, किनकि, स्वभाव कहिल्यै पनि नाश हुँदैन। त्यसो भए मुक्त पुरुषलाई पनि सुख दुःखको अनुवृत्ति भैरहन्थ्यो। त्यसकारण सत्यज्ञान र आनन्दस्वरूप ब्रह्म चैतन्य नै नाना प्रकारले अन्तस्करण उपाधियुक्त भैकन आफ्नो वास्तविक अद्वैत स्वभावलाई परित्याग नगरीकन भिन्न भिन्न जीवभाव प्रकट हुन्छ। यस प्रकार जीवभाव प्राप्त साधक आफ्नो यथार्थ स्वरूपको साक्षात्कारबाट आफ्नो स्वरूपको आच्छादक अज्ञान र त्यसको कार्य संसारलाई आफ्नो स्वरूपमा विलापन गरीकन ब्रह्मरूपले स्वयं अवशिष्ट रहन्छ (अरू केही अवशिष्ट रहँदैन)।

जगत हो मिथ्या

प्र०—संसारलाई साधकले कसरी विलापन गर्छ ?

उ०—संसार (जगत) आफ्नो वास्तव स्वरूपदेखि भिन्न नभएको हुनाले (आफ्नो अखण्ड चित्स्वरूपमा कल्पित भएको

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

हुनाले) त्यो आफ्नो वास्तव स्वरूपमा सजिलैसित विलापित भैहाल्छ ।

प्र०—दृष्टान्तबाट प्रतिपादन गर्नुहोस् ।

उ०—सिपीमा आरोपित चाँदीको जस्तो सिपी हो ज्ञान भए निवृत्ति भैहाल्छ र अधिष्ठानरूप सिपी नै केवल अवशिष्ट रहन्छ—अरू चाँदी किंवा चाँदीको अभावरूप कुनै पदार्थ अव-शिष्ट रहँदैन यस्तै सारा जगतको अधिष्ठान अद्वैत परमात्म वस्तुको यथार्थ ज्ञान (साक्षात्कार) भए अध्यस्त जगतको निवृत्ति भैहाल्छ र साधक आफ्नो परमार्थस्वरूपमा परिशिष्ट भैहाल्छ ।

प्र०—मुक्त अवस्थामा त जगत प्रतीतिको अभाव हुन्छ । त्यसकारण जगत हो अभाव सिद्ध भान रहन्छ—अधिष्ठान मात्र अवशिष्ट रहु हन सक्दैन ।

उ०—यो ठीक हैन । सिपीमा कल्पित मायामय चाँदी भाव रूप नभएको हुनाले जस्तो त्यो अभावको प्रतियोगी हुन सक्दैन, त्यसकारण चाँदीको बाध भए अधिष्ठान सिपी मात्र अव-शिष्ट रहन्छ । (अरू चाँदी किंवा चाँदीको अभाव अवशिष्ट रहँदैन) यस्तो साधकद्वारा अध्यास्त जगतको बाध भए अधिष्ठान अद्वैत चैतन्यस्वरूप नै अवशिष्ट रहन्छ । जगतको प्रध्वंस अभाव बाँको रहँदैन किंवा ब्रह्मरूपले पनि जगत बाँकी रहँदैन ।

प्र०—सिपीमा चाँदीको अध्यास्त होला तर जगत अध्यास्त होइन । किनकि कुनै युक्ति किंवा प्रमाण देखिदैन ।

उ०— युक्ति र प्रमाण बताउँदैछु, पुनः युक्ति हेर । जगत यदि नहुँदो हो त अध्यास्त आत्मा जस्तो ज्ञानद्वारा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

निर्वर्तित हुँदैन त्यस्तो जगत पनि निवृत्त हुने थिएन । यो हो अनुकूल तर्करूप युक्ति, प्रमाण पनि हेर ।

जगत हो अध्यास्त किनकि त्यो हो दृश्य । जस्तो सिपीमा सिपीको चाँदी दृश्य भएको हुनाले कल्पित भनी प्रतिपन्न हुन्छ, त्यस्तै जगत पनि हो । यो हो अनुमानरूप युक्ति ।

अद्वैत श्रुति पनि यसमा प्रमाण छ — यसरो प्रमाण र तर्कद्वारा जगत अध्यास्त हो भनी प्रतिपन्न भएको हुनाले त्यसको नाशको अधिष्ठान हो परमार्थ अद्वितीय वस्तु मात्र ।

अभाव होइन । श्रुति आदरपूर्वक भन्दछ कि सारा भौतिक प्रपञ्चको अधिष्ठानको यथार्थ ज्ञान भए परमात्मास्वरूप चैतन्यमात्र अवशिष्ट रहन्छ ।

प्र०— जीव र ईश्वरको एकत्वबोधक वेदवाक्यबोधक उपनिषद्को धेरै भिन्न प्रकारको वाक्य पनि त पाइन्छन् । तिनीहरू त अद्वैत वस्तुबोधक होइनन् ।

उ०— सारा उपनिषद वाक्य हुन् एकत्वबोधक वेदवाक्यको अंगरूप स्मृति र पुराणहरू पनि हुन् एकत्वबोधक वेदवाक्यको अनुसारी र अंगभूत त्यसकारण अद्वैत वस्तु नै हो सम्पूर्ण वेदको तात्पर्य ।

ज्ञान र कर्मका सहावस्थान र अंगांगी भावको विचार

प्र०— स्वर्गादि फलप्राप्तिको लागि जो याग होम आदि कर्मको विधान कर्मकाण्डमा गरिएको छ त्योबाट देहदेखि भिन्न आत्मा भन्ने कुनै वस्तु छ यो अवश्य बुझ्नमा आउँछ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

त्यसकारण देहदेखि भिन्न आत्मा वस्तुको प्रतिपादनद्वारा ज्ञान-काण्ड हो कर्मकाण्डको अंग ।

उ०—यो ठीक होइन, किनकि, कर्मको लागि प्रयोजनीय कर्तृत्व भोक्तृत्व आदि सारा संसार धर्मरहित आत्मस्वरूपको प्रतिपादन ज्ञानकाण्ड गर्दछ। कर्मकाण्ड देहातिरिक्त कर्तृत्व भोक्तृत्व आदि विशिष्ट आत्मालाई अपेक्षा गर्छ, तर ज्ञानकाण्ड कर्तृत्व भोक्तृत्व आदि सारा संसारहरूबाट नछोइएको अद्वितीय आत्मा तत्वलाई तात्पर्य रूपले जनाइदिन्छ। देहातिरिक्त कर्ता आत्मस्वरूपलाई ज्ञापन गर्दैन, त्यसकारण स्वरूप र फलको पर्यालोचना गरेपछि ज्ञान र कर्मको अंगांगी भाव उपपन्न हुँदैन। अद्वितीय आत्मस्वरूपको साक्षात्कार प्रत्यागात्मामा उपाधिवशात् भासमान कर्तृत्व भोक्तृत्व आदि सारा धर्मलाई विलापित गरिदिन्छ। त्यसकारण ज्ञान कसरी कर्मको अंगभूत हुन सक्ला ? वर्ण आश्रम आदि र नियोजत्व (नियोजित हुनु) कर्तृत्व भोक्तृत्व आदि सारा हुन् मायाद्वारा परिकल्पित र मिथ्या।

प्र०—स्वर्ग पुत्र, वित्त आदि उत्कृष्ट फलको उपेक्षा गर्न कसरी सम्भव होला ?

उ०—कर्मको फलस्वरूप, स्वर्ग, वित्त पुत्र, कलत्र हुन् अत्यन्त अल्प वस्तु र तुच्छ। त्यो कर्मानुष्ठानविना प्रारब्धानुसार सबैलाई मिलिरहन्छ। आत्मास्वरूपको साक्षात्कार हो परमानन्दको प्राप्ति, त्यसकारण ज्ञानकाण्डबाट साधनको परिपूर्ण फल मिलिहाल्छ। जुनचाहिं अल्प हो त्यो नै अधिकको अंग-रूपले दृष्ट हुन्छ—जस्तो भृत्य मालिकको अंगभूत हुन्छ। त्यसकारण अधिक फलयुक्त ज्ञान थोरै फलरूप कर्मको अंग हुन सक्तैन।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

प्र०—ज्ञान र कर्मको एकसाथ अनुष्ठानको विरुद्धमा अरू कुनै युक्ति छ कि ?

उ०—(ख) कर्म हो साध्य फलयुक्त—किनकि स्वर्गादि फल हो याग होम आदि क्रियाद्वारा निस्पादित तर ब्रह्मज्ञान (साक्षात्कार) हो सिद्धफलयुक्त। ज्ञानद्वारा प्राप्त फलको नित्य शुद्ध वुद्ध मुक्त आफ्नो वास्तवस्वरूप।

(२) स्वर्ग पुत्रादि फलमा अनुरागी मानिस हो कर्मकाण्ड-मा अधिकारी। वैराग्य आदि युक्त पुरुष हो ज्ञानकाण्डको अधिकारी।

(३) प्रत्पगात्मा हो परमार्थिक ब्रह्मस्वरूप—त्यसको आच्छादन अज्ञान रहेसम्म र पारमार्थिक ब्रह्मस्वरूपता आच्छा-दक जो अज्ञान हो त्यो रहेसम्म कर्मानुष्ठान सम्भव हुन्छ। यो अज्ञान नै हो सारा अनर्थरूप दृश्यप्रपंचको मूल कारण। साक्षात्कार किंवा अद्वैत ज्ञान त्यो अज्ञानलाई निवृत्त गरीकन उदित हुन्छ। त्यसकारण ज्ञान र कर्मको एकसाथ अवस्थान संभव नभएको हुनाले अंगांगीभावले कर्म र ज्ञानको समुच्चय हुन सक्तैन।

(४) कर्म अज्ञानको कार्य भएको हुनाले त्यो हो अप्रकाश-रूप। प्रकाश ब्रह्मरूप भएको हुनाले ज्ञान हो प्रकाशरूप। त्यस-कारण तम र प्रकाशको झैं कर्म र ज्ञानको एकसाथ अवस्थान संभव नभएको हुनाले अंगांगीभावले तिनीहरूको समुच्चय हुन सक्तैन।

प्र०—यसबाट के सिद्ध हुन्छ ?

उ०—ज्ञान कर्मको अंगरूप नभएको हुनाले वेदान्त भाग (ज्ञानकाण्ड) कर्मकाण्डको अंग हुन सक्तैन।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

प्र०—त्यसोभए कर्मकाण्ड ज्ञानकाण्डको अंगरूप होस् ।

उ०—कर्मभाग कुनै प्रकारले ब्रह्मकाण्डको साक्षात् अंग हुन सक्तैन । वेदान्त वाक्यरूप प्रमाणबाट ब्रह्मज्ञान (साक्षात्कार) उत्पन्न हुन्छ । श्रुतिमा बताइएका शान्ति, दान्ति उपरति गुणहरू हुन् ब्रह्मविद्याका अंग र तिनका उत्पत्तिको कारण हो श्रवण (सूत्र प्रस्थान ग्रन्थको शुरूको अंश हेर्नुहोस्)। यो ठाउँमा श्रवणको अर्थ हो वेदान्त वाक्यार्थको विचार—श्रवण हो अंगी र मनन र निदिध्यासन हो आत्मा दर्शनको र साक्षात्कार रूप फलको उपकारक दुई अंग साथ। विद्याको (साक्षात्कारको) उत्पत्तिको लागि कारण र उपकरण आदिको अपेक्षा मात्र हुन्छ त्यो बाहेक अरू कुनैको अपेक्षा छैन। जस्तो सुर्जे भगवान अन्धकार निवृत्तिको लागि अरू कुनै कुराको अपेक्षा गर्दैन त्यस्तो श्रवणादि विना विद्याको उत्पत्तिको लागि कुनै अर्थको (क्रियाको) प्रयोजन छैन ।

प्र०—तत्व वेदान्त शास्त्रमा (श्रुतिमा) कर्मको आवश्यकता किन भनिएको छ ?

उ०—ब्रह्म विद्याको साक्षात् साधन कर्म होइन। कर्मको परम्परा साधन मार्ग— अर्थात् कर्मद्वारा चित्त शुद्ध हुन्छ र शुद्ध चित्त पुरुष संसारको दोष दर्शन गर्नमा समर्थ हुन्छ र फेरि वैराग्य प्राप्त भैकन संसारबाट मुक्त हुन इच्छा गर्दछ। यसरी कर्मको परम्पराले प्राप्त ज्ञानको अंग (साक्षात् रूपले अंग होइन) वेदान्त विचार मार्ग प्राप्त भएमा नै साक्षात्कारको उत्पत्ति संभव हुन्छ ।

(मन्द अधिकारीको लागि)

उपनिषद्को उपासना र त्यसको उपयोगिता जसको

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

चित्त अत्यन्त चंचल छ (किनकि चित्तलाई सत्य भनी मानेको छ) त्यस्ता मन्द अधिकारीहरूको विचारको सहाराले तत्वज्ञान (साक्षात्कार) उत्पन्न हुँदैन। त्यसकारण तिनीहरूको लागि योग नै हो मुख्य उपाय—उपासनाबाट नै तिनीहरूको चंचल बुद्धि लक्षमा स्थिरता प्राप्त भैहाल्छ। तिनीहरूको चित्त विक्षेप-रहित (शान्त) हो किनकि तिनीहरू चित्तलाई मिथ्या भनी जान्दछन्–र अज्ञानले मात्र तिनीहरूको आत्मास्वरूप ढाकिएको छ। यस्ता उत्तम अधिकारीहरूको लागि सांख्य (विचार) हो मुख्य उपाय। यसरी सांख्य र योग (ज्ञान र उपासना) हो उत्तम र मन्द अधिकारीको निम्ति मुक्तिको साधन—यो श्रुति र स्मृति शास्त्रमा प्रसिद्ध छ (गीतामृत पृष्ठ १४७–१४८ हेर्नुहोस्)।

विचारद्वारा तत्वज्ञान सम्पादनमा जो समर्थ छैन त्यसको निर्गुण ब्रह्म ध्यानमा (निर्गुण उपासनामा) अधिकार छ। जो मानिस विचारमा असमर्थ छ त्यसले निरन्तर आत्माको उपासना गरोस्—यो कुरा आत्मगीतामा स्पष्टरूपले भनिएको छ—"जो मेरो साक्षात्कार प्राप्तिमा असमर्थ छ त्यो पनि मलाई (प्रत्यक् अभिन्न परमात्मालाई) यदि चिन्तन गर्छ भने केही समयपछि त्यसको अनुभवमा आरूढ भएर त्यसको लागि मोक्ष-रूप फल धारण गर्छु।' यसको कारण यो हो कि देहादि सम्पूर्ण अनात्मप्रपंचको चिन्तालाई छाडीकन यदि आफ्नो परमात्मा स्वरूपमा बुद्धि स्थित भैहाल्छ भने त्यो अचल बुद्धि-को सहाराले हृदयमा निहित परमार्थ अद्वितीय निधि प्राप्त भैहाल्छ (अर्थात् निश्चल बुद्धिमा ब्रह्मस्वरूप प्रष्ट भासमान भैहाल्छ)।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

वेदान्त वाक्यार्थ विचारबाट ज्ञान किंवा साक्षात्कार उत्पन्न हुन्छ––यो पहिले बताइएको छ। विचारको अर्थ हो परमार्थ अद्वितीय वस्तु र मिथ्या जगत्को (प्रपंचको) विवेक-पूर्वक मिथ्या दृश्य प्रपंचलाई त्यागीकन आफ्नो सत्य ब्रह्मस्वरूप-मा स्थित रहनु (चैतन्य आफ्नो स्वरूपको स्वतः अनुभव गर्नु)। उत्तम अधिकारीको लागि यस्तो विचार संभव हुन्छ। उत्तम अधिकारी (देहाभिमानरहित पुरुष) को लागि चित्त (अन्तस्करण) हो मिथ्या—रज्जु सर्पको झैं आफ्नो परमात्मा-स्वरूपमा कल्पित। विचारबाट उत्पन्न ज्ञान एक पटक उत्पन्न भए त्यसमा इच्छा नभए तापनि त्यो फेरि निवारित हुन सक्तैन। त्यस्तो ज्ञान स्वयं उत्पन्न हुनेबित्तिकै सारा द्वैत पदार्थको सत्यता (भ्रम) लाई नष्ट गरिदिन्छ।

ब्रह्मस्वरूप मोक्षमा क्रियासित सम्बन्धको कुनै बाटो नभएको हुनाले एकमात्र ज्ञान (साक्षात्कार वृत्ति) बाहेक मोक्षमा क्रियाको लेश पनि संभव छैन।

ज्ञान र ध्यान क्रियाविशेष भए तापनि तिनोहरूको भित्र प्रभेद छ। ध्यानरूप मानसिक क्रिया हो विधिको विषय र पुरुष तंत्र र ज्ञानरूप मानसिक क्रियाको वस्तुतंत्र, प्रमाण-जन्य र विधिको अविषय। यहाँ ज्ञान भनेर साक्षात्कारलाई बुझाइन्छ। क्रियाशील अन्तस्करणको परिणामरूप यो साक्षा-त्कार वृत्तिलाई मानसिक क्रिया भनेको छ। यो हो शास्त्र प्रमाणजन्य वस्तुतन्त्र र विधिको अविषय। ब्रह्म ज्ञानबाट उत्पाद्य होइन, त्यसकारण अनित्य हैन।

ध्यान अर्थात् चिन्तन (उपासना) हो मानस व्यापार–पुरुष त्यसलाई गर्न सक्छ। नगरे पनि हुन्छ अथवा अरू प्रकार-

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

ले पनि गर्न सक्छ। त्यसकारण ध्यान किंवा उपासना हो पुरुषतंत्र (पुरुषको प्रयत्न साध्य र त्यसकारण त्यो हो विधेय (क्रिया)। ज्ञान प्रमाणबाट नै उत्पन्न हुन्छ। प्रमाण यथाभूत वस्तुलाई विषय गर्दछ–वस्तुको स्वरूप जस्तो हो त्यस रूपले नै त्यसको ग्रहण हुन्छ। त्यसैले ज्ञानलाई गर्न नगर्न अथवा अरू प्रकारले गर्न सकिदैन, किनकि त्यो हो वस्तुतन्त्र—वस्तु जस्तो हो ज्ञान पनि त्यस्तै हो––विधिको अधीन अथवा पुरुष-तन्त्र होइन। पुरुष र स्त्री अग्नि नभए तापनि विधिको बलले तिनीहरूलाई अग्नि भनीकन ध्यान नगर्न सकिन्छ। तर प्रसिद्ध अग्निमा जो अग्नि बुद्धि हो त्यो विधिको अधीन होइन र पुरुष प्रयत्नको अधीन पनि होइन। प्रत्यक्षको विषय जो अग्निरूप विषय हो त्यो अग्निरूप वस्तुको कुनै अधीन छ। त्यसकारण त्यो हो ज्ञान—विधेय क्रिया होइन—विधिको बलले त्यसलाई ध्यानको झैं अरू प्रकारले गर्न संभव छैन।

जहाँ क्रिया कारक र फल आदि द्वैत विषयको ज्ञान हुन्छ त्यहाँ नै विधिको प्रवृत्ति हुन्छ। ध्यान (चिन्तन) रूप मानस व्यापार हो चित्तको सत्यता पक्षमाथि आधारित। ध्यान उपासना भेद बुद्धिमाथि आधारित भएको हुनाले त्यो हो मन्द अधिकारी (देहाभिमानी पुरुषको) निम्ति देहाभिमानी पुरुष (मन्द अधिकारी) देहलाई र संसारलाई सत्य भनी जान्दछ अर्थात् चित्तलाई सत्य भनी निश्चय गर्दछ (देहादि सारा प्रपंच चित्तका भिन्न भिन्न वृत्तिरूप भएका हुनाले चित्त मा नै स्थित रहन्छन्) देहादि दृश्य प्रपंचमा जसको सत्यता बुद्धि निवृत्ति भएको छ (अर्थात् जो चित्तलाई मिथ्या भनी जान्दछ) त्यो हो उत्तमाधिकारी। उत्तम अधिकारी सजिलो-

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

सित नै ज्ञान प्राप्त गरिहाल्छ। मन्द र मध्यम अधिकारीले जगतमा सत्यता बुद्धिवशात् योगाभ्यासद्वारा (सगुण निर्गुण उपासनाद्वारा) ज्ञान प्राप्तिपूर्वक मुक्त हुन्छ।

यसकारण जो विचार गर्नमा समर्थ छैन त्यसको लागि योग (उपासना) बताइएको छ। अन्य वृत्तिद्वारा व्यवधान-रहित उपास्यविषयक प्रत्यय प्रवाहद्वारा उपास्यको चिन्तन-लाई उपासना(किंवा योग) भनेको छ। जबसम्म उपास्य वस्तु-देखि उपासक पुरुषको अभेद ज्ञान हुँदैन त्यहाँसम्म चिन्ता गर्दै गर्नुसम्म त्यो चिन्तालाई धारण गरीकन बस्नुपर्छ (उपा-स्यविषयक चित्तवृत्तिको प्रवाहरूप उपासना सधैं गरिरहनुपर्छ। पुरुष इच्छाको अधीन भएको हुनाले उपासना हो सधैं कर्तव्य— यस प्रकार निरन्तर चिन्तन गरेपछि ध्यान अनुष्ठानमा पुरुषले ध्यानको संस्कारको बलले स्वप्नमा पनि ध्यान गरिरहन्छ। उपास्यदेखि भिन्न वस्तुको चिन्तनलाई परित्याग गरीकन विच्छेद विना उपास्यको भावना गरिरहेपछि संस्कारको दृढ़ता-ले स्वप्न आदि अवस्थामा पनि त्यस प्रकार ध्यान (भावना) प्राप्त भैरहन्छ।

उपासक पुरुषले सधैं ध्यानमा लागिरहनुपर्छ किनकि त्यो उपासक पुरुषको ब्रह्मरूपता ध्यानबाट नै सिद्ध हुन्छ।

सगुण र निर्गुण उपासना

कर्म अनुष्ठानदेखि ध्यान किंवा उपसना हो श्रेष्ठ। सगुण उपासनादेखि निर्गुण उपासना हो श्रेष्ठ। जो कर्म ज्ञानको जति निकटवर्ती हुन्छ त्यो कर्मको त्यति उत्कर्ष हुन जान्छ। निर्गुण उपासनाको कालपछि साक्षात् ब्रह्मज्ञान ॐ भैहाल्छ। निर्गुण

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

उपासना परिपक्व भएपछि समाधिरूपले परिणत हुन्छ। त्यो समाधिबाट निरोध समाधि प्राप्त हुन्छ। निरोध समाधि स्पष्ट भए साधकको चित्त असंग वस्तु नै अवशिष्ट रहन्छ। पुनः पुनः भावनाद्वारा त्यसको संस्कार दृढ हुँदै गए श्रुति प्रमाणबाट अचल बुद्धिमा साक्षात्कार उदित हुन्छ (गीतामृत, पृष्ठ ३७४ देखि ३७७ सम्म हेर्नुहोस्)।

जसको उपासना यो जन्ममा परिपक्व हुँदैन त्यसको मरणकालमा किंवा ब्रह्मलोकमा अरू देहमा तत्वज्ञान उत्पन्न भएर त्यो पुरुष मुक्त हुन्छ।

अन्त्यकालीन भावनाअनुसार नै भावी जन्म हुन्छ। त्यसकारण सगुण उपासकको मरणकालमा जस्तो सगुण प्रत्यय हुन्छ त्यस्तो निर्गुण उपासकको पनि निर्गुण (ब्रह्मविषय) प्रत्यय हुन्छ। अन्तकालमा सगुण ब्रह्माकार वृत्तिरूप प्रत्यय भए जस्तो सगुण ब्रह्मको प्राप्ति हुन्छ त्यस्तो निर्गुण ब्रह्माकार वृत्ति भए निर्गुण ब्रह्मको प्राप्ति हुन्छ। निर्गुण उपासनादेखि उत्पन्न भएको ज्ञान (साक्षात्कार) नै हो मोक्षको साधन। निर्गुण उपासनाको बलले मूल अज्ञानको निवर्तक साक्षात्कार वृत्ति उत्पन्न हुन्छ र सगुण ब्रह्मको उपासनाबाट सगुण ब्रह्मको ज्ञान उत्पन्न हुन्छ। निष्काम उपासनाद्वारा मुक्ति हुन्छ र सकाम उपासनाद्वारा ब्रह्मलोकको प्राप्ति हुन्छ र त्यहाँबाट तत्व साक्षात्कार हुन्छ। सकाम निर्गुण उपासकको ब्रह्मलोकमा तत्वज्ञानद्वारा कल्पान्तमा मुक्ति हुन्छ।

जो सम्यक् प्रकारले निर्गुण उपासना गर्छन् तिनलाई वर्तमान देहमा होस् किंवा मृत्युकालमा होस् ब्रह्मको साक्षात्कार हुनैपर्छ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

(२) सगुण उपासना

(सप्रपंच ब्रह्मको उपासना)

(क) शाण्डिल्य निष्ठा

यो परिदृश्यमान नामरूप र क्रियात्मक सर्व जगत हो निश्चित रूपले ब्रह्म—किनकि ब्रह्मबाट यो जगत उत्पन्न भएको छ, ब्रह्ममा नै यो जगत लीन हुन्छ र स्थिति कालमा पनि यो जगत ब्रह्ममा नै स्थित भएर चेष्टयमान भैरहेको छ। त्यसकारण यो सम्पूर्ण द्वैत प्रपंचलाई (देहादि सारा दृश्य पदार्थलाई) ब्रह्मस्वरूप जानोकन राग द्वेष आदि रहित भएर ब्रह्मको ध्यान गर्नुपर्छ।

शान्त भैकन साधकको साधन (मन्द अधिकारी) पुरुषले संपूर्ण द्वैत प्रपंचलाई अविच्छेदले ब्रह्मस्वरूप भनी चिन्तन गर्नुपर्छ। जो य तो दृढ चिन्तन गर्दछ त्यो स्थूल शरीर परित्याग गरेर आफ्नो संकल्पअनुसार संकल्पित पदार्थलाई (फललाई) प्राप्त गरिहाल्छ।

अप्राप्त पदार्थको इच्छा गरेर मानिस भ्रममा प्राप्त हुन्छ। आत्मा नित्य तृप्त भएको हुनाले त्यसमा भ्रमको संभावना छैन। यो आत्मा नै हो साधक पुरुषको आफ्नो वास्तव स्वरूप। यो आत्मा सूक्ष्म भैकन पनि पृथिवी आकाश र स्वर्गादिभन्दा पनि ठो महान व्यापक।

यस प्रकार आत्मालाई साधकले सन्देहरहित भएर आफ्नो वास्तव स्वरूप भनी जानेपछि वर्तमान शरीरलाई परित्याग गरोकन मोक्षलाभ गर्दछ—यस प्रकार शाण्डिल्य ऋषिले भन्नुभएको छ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

(ख) दहर विद्या

ब्रह्म प्राप्तिको योग्य यो स्थूल शरीरलाई ब्रह्मपुर भनेको छ। यो ब्रह्मपुरमा यौटा सानु हृदय-कमलरूपी घर छ। त्यो हृदय-कमलमा स्थित दहर भन्ने सूक्ष्म आकाशलाई (ब्रह्मलाई) गुरु शास्त्र आदि उपायबाट खोजी गर्नुपर्छ। त्यो सूक्ष्म ब्रह्म-स्वरूपलाई नै सारा जगतको आश्रय रूपले साक्षात्कार गर्नु-पर्छ।

यद्यपि अन्तस्करण उपाधिवशात्—अन्तःकरणमा आत्मा-को उपलब्धि हुन्छ भनेर—ब्रह्मस्वरूपलाई अल्प (सानु किंवा दहर) भनिएको छ तापनि वास्तवमा यो दहर आकाश ब्रह्म-स्वरूपलाई—वाह्य आकाशको झैं—परिपूर्ण (सर्वव्यापक) भनी जान्नुपर्छ। यो दहर आकाशमा नै स्वर्ग र पृथ्वी स्थित भइरहेको छ—आगो, वायु, सूर्य, चन्द्रमा विद्युत नक्षत्र यो दहराकाशमा नै स्थित भइरहेका छ। यो जीवको ममताका विषय जो पदार्थ विद्यमान छन् किंवा जो पदार्थ नष्ट भइसकेका छन् किंवा जो पदार्थ भविष्यमा उत्पन्न हुने छन्–ती सारा पदार्थ यो दहर आकाशमा स्थित छन्।

प्र०–हे गुरो! हृदयाश्रित दहराकाशमा जो पृथ्वी आदि पदार्थ स्थित छन् र कामनाको विषय सारा पदार्थ बसिराखेका छन्—जब यो शरीर वृद्धावस्थामा प्राप्त भएर नष्ट भइहाल्छ तव देहको नाश भए हृदयको पनि नाश हुन्छ र आसरारूप हृदयको नाश भए दहराकाशरूप ब्रह्मको स्थिति प्रतीत हुँदैन।

उत्तर—आचार्य भन्नुहुन्छ--यो स्थूल शरीर जीर्ण भए पनि यो दहराकाशरूप ब्रह्म जीर्ण हुँदैन। शस्त्रादिबाट यो शरीर

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

नष्ट भए तापनि यो आत्माको (वाह्य आकाशको झैं) नाश हुँदैन। यस्तो ब्रह्ममा नै सारा जगत स्थित भइरहेको छ। हे शिष्य ! यो ब्रह्म नै हो तिम्रो आतमा (वास्तव स्वरूप) र यो आत्मा नै हो धर्म र अधर्मरहित जरारहित र मृत्युरहित। आत्मा हो भोजन इच्छारहित पिपासारहित सत्यकाम (जसको इच्छा निष्फल हुँदैन)। इच्छाको जनक यसको ज्ञानरूप संकल्प निष्फल हुँदैन (यसकारण यो आत्मा हो सत्य संकल्प)। यो आत्मस्वरूपलाई नजानेपछि पुण्यको फल विनाशी हुन्छ र पराधीनताको सहित नै उत्पन्न हुन्छ। जस्तो राजाका भृत्य आदि राजाको आज्ञा मानीकन त्यो देशमा अवस्थित क्षत्र भाग प्राप्त गर्छन् र राजसेवा आदि कर्मबाट सम्पादित जो आफूहरू-को कृषि आदि भोग प्राप्त हुन्छ त्यो विनश्वर भैहाल्छ। त्यस्तो यो आत्मस्वरूपलाई नजानेपछि अग्निहोत्रादि पुण्य कर्मद्वारा सम्पादित जो परलोकको भोग छ त्यो इन्द्रादिको अधीनता-बाट ग्रस्त भइहाल्छ र अन्तमा नाश हुन्छ। यसरी त्यस्तो अज्ञानी पुरुषको सारा लोकमा स्वतन्त्र गमन संभव हुँदैन। तर जो पुरुष आत्मस्वरूपलाई यथार्थ जान्दछ र सारा पदार्थ आत्मामा नै स्थित छ भनी जान्दछ त्यो पुरुष शरीर परित्याग गरीकन राजाको झैं सम्पूर्ण लोकमा स्वतन्त्र रूपले आफ्नो इच्छाअनुसार प्राप्त भइहाल्छ।

यो दहर आत्मस्वरूपलाई जुन पुरुषले यथार्थ रूपले जाने-को छ त्यसलाई यदि मृत पितृहरूलाई प्राप्त गर्ने इच्छा हुन्छ भने त्यसको इच्छाअनुसार पितृहरू प्राप्त हुन्छन् र परिणामले त्यो पर-मानन्द आफ्नो महान महिमाको अनुभव गर्दछ। ज्ञानी जो पदार्थ-को इच्छा गर्छ त्यो पदार्थ संकल्पद्वारा मात्र प्राप्ति भइहाल्छ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

श्रुति भन्नुहुन्छ–जो जो पदार्थको इच्छा मानिसले गर्दछ त्यो सारा पदार्थ आत्मामा स्थित भइरहेको छ तर मानिसले आफ्नो वास्तवस्वरूपबाट बहिर्मुख भईकन स्त्री आदि विषयको इच्छा गर्दछ—त्यसकारण सारा पदार्थ आत्मामा स्थित भए तापनि बहिर्मुख पुरुषले त्यो सारा पदार्थ लाभ गर्न सक्दैन र जुन पदार्थ इच्छा गरीकन पनि मनुष्यबाट प्राप्त हुन सक्दैन त्यो पदार्थ सगुण उपासकलाई ब्रह्मज्ञान प्राप्तिपूर्वक प्राप्त भइहाल्छ।

आत्मस्वरूपको अज्ञानवशात् आत्मस्वरूपमा स्थित पदार्थलाई मनुष्य प्राप्त गर्न सक्दैन। जस्तो कुनै ठाउँमा सुन दबिएको छ त्यो तिमीलाई जो जान्दैन त्यो पुरुष त्यसमा प्रतिदिन हिँडिरहन्छ तापनि त्यो निधि वास्तवमा प्राप्त भइरहेको छ तापनि नजान्नुको परिणामले त्यो अप्राप्त रहिरहन्छ––ठीक त्यस्तै मानिस प्रतिदिन सुषुप्ति अवस्थामा ब्रह्मानन्दलाई प्राप्त गरीकन पनि त्यसलाई नजानेको हुनाले त्यो अप्राप्त रहिरहन्छ, यो हो अत्यन्त दुःखको विषय। वाह्य विषयको तृष्णा परित्याग गरीकन अन्तरात्मालाई प्राप्त गर्नु मनुष्यको अधीन (सहज सिद्ध) भए तापनि तिमीले तिम्रो आत्मस्वरूपको उपेक्षा नै गरेर आएका छौ। यो आत्मा तिम्रो हृदय-देशमा अवस्थित रहेको छ—यसमा संशय नगर्नु—किनकि "हृदय" शब्दको अर्थ हो यो प्रत्यक्ष अनुभूयमान आफ्नो स्वरूप (हृदय—हृदि अर्थात् हृदयमा यो स्थित)—अर्थात् हृदय–कमलमा यो आत्मा विद्यमान छ (बसिरहेको छ)। यसकारण नै यो हृदय-कमललाई "हृदय" भनेको छ। जो पुरुष हृदय-देशमा अवस्थित दहर ब्रह्मलाई जान्दछ—आफ्नो हृदयमा स्पष्टरूपले भासमान भनी अनुभव गर्दछ—त्यो पुरुष प्रतिदिन ब्रह्मानन्द प्राप्त गर्दछ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

यसरी देहादिमा आत्मबुद्धि परित्याग गरीकन जो विवेकी पुरुषले यो स्वयंप्रकाश ब्रह्मलाई आफ्नो स्वरूप भनी जान्दछ त्यो प्रतिदिन सुषुप्तिमा ब्रह्मभाव प्राप्त गर्छ।

यसरी श्रुतिले सगुण ब्रह्मध्यानको फल देखायो।

[३] सगुण उपासना तल देखाइएको प्रकारले ब्रह्मज्ञानमा परिसमाप्त हुन्छ

(क) "म हुँ हृदय स्थित प्रकाशस्वरूप ब्रह्म" यस्तो सगुण ब्रह्मध्यान क्रमले देहादिमा आत्मत्व बुद्धि वर्जनपूर्वक निर्गुण ध्यानमा परिणत हुन्छ। "म हुँ निष्प्रपंच ब्रह्मस्वरूप म र अद्वितीय ब्रह्ममा कुनै भेद छैन।"

(ख) यसप्रकार निर्गुण उपासना अविच्छिन्न रूपले चल्दै सविकल्प समाधि रूपले परिणत हुन्छ।

(ग) सविकल्प समाधि परिपक्व भए निरोध समाधि प्राप्त हुन्छ—चित्तको त्रिपुटी भाव निरुद्ध भइहाल्छ र यो निरुद्ध दशामा ब्रह्मस्वरूपको सूक्ष्म अनुभूति साक्षीको प्रत्यक्ष हुन्छ।

[यतिसम्म चित्त सत्यता पक्षको माथि आधारित समाधि योगको निरूपण भयो—ऐले तल देखाइएको प्रकारले ज्ञान वा साक्षात्कार उदित हुन्छ]

(घ) निरुद्ध चित्त हृदय भएको हुनाले शास्त्र प्रमाणबाट त्यसको निरसनपूर्वक स्वयंप्रकाश परमार्थ अद्वितीय वस्तु स्वरूपको स्वयं आविर्भाव श्रद्धालु उत्तम मुमुक्षु पुरुषको हृदयमा संभव हुन्छ। ब्रह्मस्वरूपको सूक्ष्म अनुभूतिको अवभासक—सम्पूर्ण सूक्ष्मातिसूक्ष्म हृदय प्रपंचको निषेध भए अद्वैत स्व-

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

प्रकाश चिदानन्द ब्रह्मस्वरूप भइहाल्छ । यसैलाई ज्ञान किवा साक्षात्कार भनेको छ ।

[योग चित्तवृत्तिको निरोध हो र ज्ञान हो सम्यक् दर्शन किम्वा अद्वैत स्वरूपको स्वतः अवभासित हुनु अर्थात् अद्वैत स्वरूपको अवभासण । योगबाट ज्ञान प्राप्तिको क्रम चित्रद्वारा तल देखाइन्छ—

योग (वृत्ति निरोध)

विच्छेदपूर्वक ध्यान ध्याता ध्यान ध्येय	अविच्छिन्न ध्यान (समाधि सविकल्प) ध्याता हैन	निरोध समाधि (सूक्ष्म अविच्छिन्न ध्यान) ध्येयाकार वृत्तिप्रवाह ध्याता ध्येयको साथ युक्त छ ।

ज्ञान (साक्षी स्वरूपको अवभास)

निरुद्ध चित्तवृत्ति साक्षीको प्रत्यक्ष भइरहन्छ ।	वेदान्त प्रमाणको बलले दृश्य (निरुद्ध चित्तवृत्ति) बाधित भइहाल्छ	बाधको अबाध रूपले परमार्थ अद्वितीय चैतन्य स्वयं अवभासित हुन्छ । यो हो वस्तुतंत्र ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अनात्म निरसन श्रुति प्रमाणको बलले सिद्ध भए स्वयं प्रकाशमान अद्वैत ब्रह्मस्वरूप परिशिष्ठ रहन्छ। वृत्ति निरोध भए साधकको परिचित आत्मस्वरूप स्वयं प्रकाशित हुन्छ। यो नै हो ज्ञान किंवा साक्षात्कार।

४ (उत्तम अधिकारीको लागि)

साक्षात्कार ब्रह्मस्वरूप निरूपण

दृश्यमान सम्पूर्ण जगत प्रपंच अद्वैत ब्रह्म स्वरूपबाट उत्पन्न भएको छ, ब्रह्ममा नै स्थित छ र ब्रह्ममा नै लीन भइहाल्छ। यो सारा दृश्य प्रपंच हो ब्रह्मस्वरूप। ब्रह्म हो कारण र जगत हो त्यसको कार्य। कार्य कारणदेखि भिन्न हुन सक्तैन त्यसैले जो कुछ छ त्यो हो एक अद्वितीय ब्रह्म मात्र—यसरी सारा भूतमा अवस्थित आत्माको एकत्व (अद्वैत स्वरूप) अवधारित हुन्छ। यो नै विस्तृत रूपले देखाइन्छ।

आत्मातत्व जानेपछि मात्र मनुष्य सारा कुरा जान्नमा समर्थ हुन्छ किनकि यो आत्मतत्व हो सम्पूर्ण जगतको कारण। समस्त वेद अध्ययन गरीकन र अरू अरू सारा विज्ञेय विषय अवगत भईकन पनि मनुष्य अकृतार्थ नै रहन्छ जबसम्म त्यो जगतको एकमात्र कारण (सम्पूर्ण दृश्य प्रपंचको वास्तव स्वरूप) आत्मतत्वलाई साक्षात्कार गर्न सक्तैन। केवल यो आत्मस्वरूपको विज्ञान (साक्षात्कार) प्राप्त भए सम्पूर्ण जगत पदार्थको विज्ञान (निश्चित ज्ञान) संभव हुन्छ।

कारणको ज्ञानबाट कार्यको ज्ञान

यसमा हेतु यो हो कि कार्य पदार्थ कारणदेखि भिन्न

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

(पृथक्) हुँदैन। घटरूप कार्यको माटोदेखि पृथक् कुनै सत्ता हुन सक्तैन। यसरी कार्यको सत्ता कारणको सत्तादेखि भिन्न नभएपछि एकमात्र सत्तावान (सत्य) वस्तु हो कारण—कारणको सत्ताविना कार्यको कुनै पृथक् सत्ता हुन सक्तैन। कारणको सत्ता नै हो कार्यको सत्ता—त्यसैले कार्य असत्य नै उपपन्न हुन्छ। कार्य हो भिन्न (कारणदेखि पृथक्रूपले कार्य सत्य हो)—यो केवल कुरा मात्र हो (वास्तव तत्व होइन)।

भिन्न भिन्न रूपले प्रतीत भइरहेको कार्य वर्गलाई विकार भनेको छ। सारा विकार (कार्य प्रपञ्च) हो अवस्तुरूप। घर नष्ट भए जस्तो माटोरूपले नै विद्यमान रहन्छ ठीक त्यस्तै घटको स्थितिकालमा पनि घट हो माटो मात्र।

कार्यका दुई रूप छन्—(१) घाँटी सानु र पेट ठूलो यस्तो विशेष प्रातीतिक रूप र (२) अनुगत कारणरूप माटो। घटादि कार्य वर्ग हो प्रातीतिक रूपले असत्य तर कारण मृत्तिकारूपले घटादि कार्य हो सत्य, यसरो सम्पूर्ण कार्यवर्ग हो दुई प्रकारको। कारणदेखि अभिन्न रूपले कार्य हो कारण मात्र। मृत्तिका रूपले मात्र घट हो सत्य। मृत्तिकादेखि अभिन्न रूपले घट हो मिथ्या।

यसरो मृत्तिका आदि कारणलाई जानेपछि मृत्तिकादेखि अभिन्न—मृत्तिकाको कार्य—घट शराब आदि पनि कारण-रूपले (कारणको आकारमा) ज्ञान भइहाल्छ। त्यसैले सारा जगतको कारणभूत ब्रह्मस्वरूपको ज्ञान भए ब्रह्मदेखि अभिन्न सारा जगतरूप कार्य प्रपंचको कारण मात्ररूपले निश्चित ज्ञान संभव हुन्छ (किनकि ब्रह्मदेखि पृथक्रूपले जगत हो असत्य)।

सम्पूर्ण जगतको कारण ब्रह्म हो एक र अद्वितीय।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

कारणरूप ब्रह्ममा भेद (भिन्न वस्तु) सत्तालाभ गर्न सक्दैन—सारा प्रतीयमान भेद हो मिथ्या। वेद्यरूप भेदको अभाववशात् भेदको अवभास पनि पारमार्थिक होइन। यसरी सिद्ध भो कि नित्य ब्रह्म वस्तु हो स्वगत र सजातीय भेदरहित र अद्वितीय।

जगतको निमित्त उपादान कारण हो ब्रह्म

घटादि कार्यको निम्ति उपादान र निमित्त दुवै प्रकारको कारण दृष्ट हुन्छ। तर ब्रह्म अद्वितीय सद्वस्तु भएको हुनाले त्यो निमित्त कारण मात्र हुन सक्छ—त्यसैले उपादान नभएको हुनाले जगतरूप कार्य कसरी उत्पन्न हुन्छ? ब्रह्मलाई यदि उपादान कारण मानिन्छ भने निमित्त कारणको अभाव भइहाल्छ—यस प्रकार शंकाको जवाफ यो हो कि ब्रह्म हो उभय रूप—अर्थात् निमित्त कारण र उपादान कारण। माटो आदि अचेतन भएको हुनाले घट निर्माणको लागि माटोदेखि भिन्न चेतन कुंभकारको प्रयोजन हुन्छ। तर जगतको उपादान (ब्रह्म) आफू नै चेतन भएको हुनाले अरू चेतनको अपेक्षा हुँदैन र चेतन भईकन—कुंभकारको झैं—आफूदेखि भिन्न अचेतन उपादानको अपेक्षा पनि हुँदैन। श्रुतिमा परमात्मालाई जगतको अभिन्न निमित्त उपादान कारण बताइएको हुनाले—तिनले पर्यालोचना गरे "म धेरै भइहालुँ"—यो श्रुति वाक्यमा पर्यालोचनाबाट ब्रह्मको निमित्त कारणता र "धेरै भैहालुँ" यसरी धेरै हुनेको संकल्पबाट परमार्थ अद्वितीय ब्रह्मको उपादान कारणता अवगत हुन्छ। त्यसैले ब्रह्म स्वयं नै हो

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

जगतको निमित्त र उपादान कारण—यो अभ्रान्त श्रुति प्रमाणबाट सिद्ध भयो ।

प्र०—असंग अविकारी परमार्थ अद्वितीय ब्रह्म कसरी जगतको कारण हुन सक्ने ? यदि भन्नुहुन्छ कि मायाद्वारा हुन्छ भनौं त्यसो भए त द्वैत प्रसंग प्राप्त भैहाल्यो ।

उत्तर—यो ठीक हैन । माया सत्य वस्तु हैन—यो केवल प्रतीतिबाट मात्र सिद्ध वस्तु हो । यो स्वप्रकाश ब्रह्मस्वरूपलाई ढाकिदिन्छ—यो हो तम-प्रधान र सत् असत् आदि कुनै प्रकार-ले यसको निर्वचन हुन सक्दैन ।

यहाँ षड्रूप ब्रह्ममा अध्येष्ट भएको हुनाले मायाको सत्व रज र तमो गुणरूप उपाधि भेदले अविकारी ब्रह्म माया विशिष्ट भईकन (मायासित तद्रूपता प्राप्त भईकन) जगतको स्रष्टा पालक र संहारकर्ता रूपले प्रतीत हुन्छ । यसमा द्वैत प्रसंगरूप दोष प्राप्ति हुँदैन—किनकि अनिर्वचनीय माया पर-मात्मादेखि भिन्न होइन । (रज्जु आदिको अवयवबाट जस्तो सर्पादि आकार उत्पन्न हुन्छ त्यस्तो सद्वस्तुको बुद्धि परकल्पित अवयवहरूबाट सारा विकार समूह (द्वैत प्रपञ्च किंवा जगत्) उत्पन्न हुन्छ ।

परमात्मा हो परमार्थ सत्य वस्तु । यो हो शिवरूप । जो-चाहि सत्य ह्वैन त्यो चिद्रूप हुँदैन । जो परमार्थ सत्यवस्तु हो त्यो हो चैतन्यरूप । जड प्रपञ्चको प्रतीति बाधित भए त्यो वाधको साक्षीरूपले सधैं अवस्थित भएको हुनाले जगतको अधिष्ठान चिद्रूप ब्रह्म हो तिनै कालमा अबाध्य (सर्वकालीन सत्य वस्तु ।)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

सृष्टिको पहिले जगत सद्रूपमा विद्यमान थियो

जगतको कारण परमार्थ सत्य वस्तु भएको हुनाले यो दृश्यमान नामरूप युक्त कार्यरूप सारा जगत (द्वैत प्रपंच) सृष्टिको पहिले कारण रूपमा नै विद्यमान थियो (नामरूप युक्त थिएन) ।

प्र०—विनष्ट बीजबाट जस्तो अंकुरको उत्पत्ति देखिन्छ त्यस्तो असत्कारण (शून्यरूप) बाट जगतको उत्पत्ति किन हुन सक्दैन ?

उ०—अभाव कारण हुन सक्दैन। अभावबाट कुनै प्रकारको भाव पदार्थको उत्पत्ति भन्न सकिन्न। अवस्तु विश्वरूप अभाव जागतिक भाव पदार्थको उपादान भए अवस्तु अभावरूप शशशृंगबाट भाववस्तु किन उत्पन्न हुन नसक्ने ? मृत देवदत्तको जस्तो पुत्रोत्पादनको शक्ति संभव हैन त्यस्तो नष्ट कारणको कार्य उत्पत्ति गर्नको शक्ति युक्तियुक्त होइन। अंकुरको उत्पत्ति विषयमा बीजको विनाशलाई उपादान कारण भन्नसकिन्न। बीजको भावरूप अवयवरूप नै हो अंकुरको उपादान कारण—बीजको अभाव उपादान कारण होइन। बीजको अवयव समूहबाट नै अंकुरको उत्पत्ति हुन्छ। बीज आकृति विनष्ट भए र बीजको छुट्टा छुट्टै अवयवहरूद्वारा अभिनव आकृति सृष्टि भएपछि नै अंकुरको उत्पत्ति हुन्छ। उपादान कारणको कार्यमा अनुवृत्ति हुन्छ—घटमा माटोको अनुवृत्ति छ—भूषणमा सुवर्णको अनुवृत्ति सबैको प्रत्यक्ष छ। त्यसो भए अभाव जागतिक पदार्थको उपादान कारण भए कार्य प्रपंचमा अभावको अनुवृत्ति देखिने थियो। तर उत्पन्न वस्तु मात्रलाई हामीहरू भाव पदार्थ भनी बुझ्दछौं। त्यसकारण

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

असत् कारणवाद हो भ्रमयुक्त। (यो मत शून्यवादी बौद्धमत भनी परिचित छ—(सूत्र प्रस्थान ग्रन्थ हेर्नुहोस्।)

प्र०—त्यसो भए ऐले जगत सत्य होइन कि ?

उत्तर—ऐले पनि यो सत् स्वरूप नै हो—तर ऐले नाश-रूप विशेषणले युक्त (विशेष, विशेष नाम र आकृति सम्पन्न) र "यो" यस्तो शब्द र बुद्धिको विषय हो किन्तु उत्पत्तिको पैले सत् मात्र नै थियो—"सत्" यस्तो शब्द र बुद्धिको गम्य थियो। सुषुप्ति कालमा जस्तो केवल वस्तु सत्ता नै अनुभूत हुन्छ जगतको उत्पत्तिको पैले पनि त्यस्तै थियो।

सत् पदार्थ नै हो एकमात्र सत्य—जगत प्रतीतिकालमा पनि वास्तवमा जगत एक अद्वैत वस्तु मात्र नै हो।

सृष्टि प्रणाली वर्णन

त्यो पैले बताइएको सद् ब्रह्म आलोचना गर्नुभयो—"म अनेक भइहालौं"। माटो जस्तो घटादि आकारमा र रज्जु आदि जस्तो मनबाट कल्पित सर्पादि आकारमा परिणत हुन्छ त्यस्तै।

प्र०—त्यसो भए त सर्पादि आकारमा दृश्यमान रज्जुको झैं जो कुछ ज्ञान गोचर हुन्छ त्यो सारा नै असल पदार्थ भैहाल्छ।

उत्तर—हैन–सद् वस्तु ब्रह्म नै भिन्न भिन्न आकारमा अन्यरूपले प्रतीत भइरहेको छ।

त्यसकारण कैले पनि कुनै पदार्थ असत् होइन। सत् रज्जु नै जस्तो सर्प बुद्धिले सर्प भनी भनिन्छ यहाँ पनि हो त्यस्तै।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

तर जो मानिसले रज्जुतत्त्व साक्षात्कार गरेको छ त्यसको जस्तो सर्प शब्द र सर्पज्ञान दुवै नै निवृत्त भैहाल्छ त्यस्तो जसको सत् र असत्लाई यथार्थ रूपले प्रत्यक्ष गरेको छ त्यसको सारा विकार किवा जन्य पदार्थविषयक नाम र ज्ञान निवृत्त भैहाल्छ ।

सद्ब्रह्मले आलोचना गर्नुभयो र त्यसको पछि तेजलाई सृष्टि गर्नुभयो । त्यो तेजले (तेजोरूपले अवस्थित भएको सद्ब्रह्मले) फेरि आलोचना गर्नुभयो—म धेरै भैहालुँ—त्यसपछि त्यो तेजले नै जलसृष्टि गर्नुभयो । (अभिप्राय यो हो कि त्यो सद्ब्रह्मले आकाश र वायु सृष्टि गरीकन त्यसपछि तेज सृष्टि गर्नुभयो । सृष्टिक्रम निरूपण गर्नु श्रुतिको उद्देश्य होइन । मृत्तिका आदि दृष्टान्तबाट जानिन्छ कि सारा जागतिक पदार्थ नै सत्स्वरूप ब्रह्मबाट उत्पन्न भएको छ । (त्यसकारण सद्ब्रह्म नै हो एक र अद्वितीय यो नै हो यहाँ अभिप्रेत)

त्यो तेजबाट सृष्ट जलसमूह (जलाकारमा अवस्थित सद्ब्रह्म नै) आलोचना गर्नुभयो–हामीहरू धेरै भैहालूँ । तिनीहरूले अर्थात् जलहरूले पृथिवी सृष्टि गरे । तेज जल र पृथिवी यी तीन भूतलाई परस्पर संमिश्रित गराउनु नै हो यहाँ विवक्षित । त्यसकारण तेज, जल र पृथिवी यी तीन भूतको नै उत्पत्ति बताइएको छ । लोकमा प्रसिद्ध भएको वाह्य (बाहिर देखिने) पाचक, प्रकाशक, र रातो वर्ण पदार्थ मात्र यहाँ तेज शब्दको वाच्य हो ।

तेज जल र पृथिवी कारण भएको सद्ब्रह्म पहिलेकै जस्तै आलोचना (कल्पना) गर्नुभयो—म धेरै भैहालूँ । त्यस्तो धेरै (नाना) भाव धारण गर्नुरूप प्रयोजन ऐले पनि सम्पूर्ण

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

भएको छैन। त्यसकारण उहाँले फेरि आलोचना गर्नुभयो। कस्तो आलोचना ? म ऐले यो जीवात्मा रूपमा पूर्वोक्त(पहिले कहिएका) तेज प्रभृति तीन देवताहरूको भित्र अनुप्रविष्ट भैकन भूतत्रयसित सम्बन्धवशात् विशिष्ट ज्ञान लाभ गरीकन— यो वस्तु अमुक नामको हो र यस्तो आकृतियुक्त हो यसरी तम्यक् रूपले विस्पष्ट गऱ्यो।

प्र०—असंसारी पाप-पुण्यरहित परब्रह्मको बुद्धिपूर्वक देहमा प्रवेश गर्नु युक्तियुक्त होइन।

उ०—जीवभाव ब्रह्मदेखिं पृथक् होइन। चैतन्यरूपमा पनि ब्रह्मको कुनै विशेष हुन सक्तैन, ऐनामा प्रविष्ट पुरुष प्रति विम्बको झैं किवा जल आदिमा प्रतिबिम्बित सूर्य आदिको झैं जीवभाव हो भूतबाट सृष्ट बुद्धि आदिसित सम्बन्ध ब्रह्मको आभास किंवा प्रतिबिम्ब, त्यो ब्रह्मदेखि भिन्न होइन। बुद्धि हो आकाश आदि पाँच भूतको सात्विक अंशबाट उत्पन्न भएको (त्यसकारण प्रकाश शक्ति सम्पन्न किंवा उज्यालो) त्यो बुद्धिमा प्रतिबिम्बित ब्रह्म हो जीव। अविवेकले जीव आफूलाई बुद्धि-देखि पृथक् भनी बुझ्न शक्दैन र भूलले बुद्धिगत सुखदु:खादि धर्मलाई आफ्नो भनी मान्दछ। वास्तवमा यो सुखदु:खादि ब्रह्मस्वरूपलाई अलिकति पनि स्पर्श गर्न सक्दैन। आकाशमा मेघ उदय भए किंवा मेघ हटिहाले पनि आकाशको केही पनि हानि वृद्धि हुँदैन त्यस्तै सांसारिक सुखदु:खादिसित योग किंवा वियोग देखिदैन त्यस्तै आत्माको पनि कुनै विकार आउन सक्दैन।

प्र०—चैतन्य हो छायारूप त्यसो भए चैतन्य मिथ्या भैहाल्ला नि ?

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

उ०—मिथ्या हुँदैन—सत्स्वरूपमा त्यसको सत्यता नै स्वीकृत भएको छ। नामरूप आदि कार्य जगत् सारा नै सत् स्वरूपले सत् हो र जडस्वरूपले निश्चित रूपले असत् हो (किनकि विकार पदार्थको स्वरूपतः केही सत्यता छैन)। जीव पनि हो त्यस्तै—अर्थात् सत्स्वरूपले सत् र जीव स्वरूपले असत्य।

त्रिवृतकरणको निमित्त दृष्टान्त

आगोको जो रातोपन देखिन्छ त्यो हो तेजको रूप। सेतो रूप त्यो हो जलको रूप। अरू जो कालो रूप त्यो हो पृथिवीको रूप। यसरी आगोको आगो भाव हरायो—बताइएको तीनओटा (रातो सेतो कालो) रूप नै हो सत्य। बताइएको तीन रूपदेखि अतिरिक्त आगो भन्ने कुनै साँचो पदार्थ छैन।

प्र०—आगोको उदाहरणको अर्थ स्पष्ट गरेर बताउनुहोस्।

उ०—तिमीले जसलाई तेज, जल र पृथिवी यी तीन सूक्ष्म भूतदेखि भिन्न (स्थूल) आगो भनी मान्दछौ ऐले त्यो आगोको अग्नित्व हराइहालेको छ—अर्थात् भनिएको तीनरूपको विवेक नगरेसम्म तिम्रो जो आगो भन्ने एउटा ज्ञान थियो ऐले त्यो आगो बुद्धि र अग्नि शब्द दुइवटा नै नष्ट भैहाल्यो। पहिले रूपत्रयको विवेक (अर्थात् तीनै रूप हो पृथक् पृथक् वस्तु यस्तो भिन्नताको उपलब्धि) नभएसम्म आगो नै थियो। यही रातो-सेतो-र कालो यी तीनरूपको विवेक सम्पादन गरेको हुनाले आगोको त्यो अग्नित्व हराइहालेको छ—किनकि अग्नि

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

पदार्थ हो कुरा मात्र। 'आगो, भन्ने नाम र आगो भन्ने जो ज्ञान त्यहाँभित्र आगो भन्ने कुनै पदार्थ छैन।

आदित्य (सूर्य) को जो लोहित (रातो) रूप हो त्यो हो वास्तवमा तेजको नै रूप, जो शुक्ल (सेतो) रूप हो त्यो हो जलको रूप, र जो कृष्ण (कालो) हो त्यो हो पृथिवीको रूप। त्यसकारण अहिले तिम्रो लागि आदित्यको आदित्य भाव विलुप्त भइहाल्यो। किनकि विकार (आदित्य-सूर्य) हो कथा मात्र। सूक्ष्म तीन भूत रूप कारणदेखि आदित्यरूप अर्थलाई पृथक् भनी व्यवहार हो भ्रमकर्तृक। वस्तुतः तेज, जल पृथ्वी यो तीन सूक्ष्म भूत नै हो केवल सत्य (आदित्य र अग्नि हो शब्द मात्र त्यसकारण मिथ्या)।

त्यस्तो चन्द्रको जो लोहित रूप हो त्यो हो तेजको रूप, जो शुक्ल त्यो हो जलको रूप, जो कृष्ण त्यो हो पृथिवीको रूप। यसरी विश्लेषण गरे ऐले चन्द्रबाट चन्द्र भाव अपगत भइहाल्यो—त्यो जो तीनौटा रूप हो (सूक्ष्म तीन भूत हो) त्यो नै हो एकमात्र सत्य।

विद्युत् (बिजुली) को ज़ो लोहित (रातो) रूप हो त्यो हो तेजको रूप, जो शुक्ल हो त्यो हो जलको रूप, जो कृष्ण हो त्यो पृथिवीको रूप। यसरी विश्लेषणको फलले विद्युतको विद्युत् भाव हराइहाल्यो। कारण सारा कार्यहरू हुन् कुरा मात्र, त्यसदेखि अतिरिक्त केही पनि छैन।

यसरी तेजको नै त्रिवृतकरण देखाइएको हो यस्तो हैन किन्तु जल र पृथिवीको पनि त्रिवृतकरण प्रदर्शित भयो। किनकि जल र पृथिवीका उदाहरणहरू पनि यस प्रकार जान्नुपर्छ। एकमात्र त्रिविध भाव संभव नभएको हुनाले गन्ध र

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

रसको उदाहरण प्रदर्शित भएको छैन–किनकि तेजको भित्र गन्ध र रस विद्यमान छैन। पृथक् रूपले प्रदर्शन गर्नु असंभव भएको हुनाले स्वर्ग र शब्दको उदाहरण दिएको छैन।

त्रिवृतकरणको आशय

सारा जगत् नै यदि त्रिवृतकृत भो तब अग्नि प्रभृतिको झैं जगत्को पनि तीनै रूप नै (भूतमय रूप नै) सत्य हुन्छ र अग्निको अग्निभावको झैं जगत्को पनि जगत् भाव नष्ट भैहाल्छ।

त्यस्तो त्रिवृतकृत (स्थूल) पृथिवी पनि जलबाट उत्पन्न भएको हुनाले जल नै हो एकमात्र सत्य र पृथिवी हो केवल कुरा मात्र। त्यस प्रकार जल, तेजबाट उत्पन्न भएको हुनाले जलको असत्यता र केवल तेजको नै सत्यता सिद्ध हुन्छ। तेज पनि सद्ब्रह्म भावबाट उत्पन्न भएको हुनाले तेज हो असत्य, सत् नै हो एकमात्र सत्य।

सारा जागतिक पदार्थ नै जब सत् ब्रह्म स्वरूपको विकार (कार्य) हो तब एकमात्र सत् वस्तुको विज्ञान भएमा नै यो सारा दृश्य पदार्थको ज्ञान भइहाल्छ। एक अद्वितीय ब्रह्म स्वरूप नै हो परमार्थ सत्य—त्यसकारण एक विज्ञानबाट सर्व विज्ञान सिद्ध हुन्छ।

ब्रह्मस्वरूपको साक्षात् निरूपण (क्रमप्राप्त)

(अन्नको तीन भाग छ, मनको पुष्टि साधन र मनको अन्नमयत्व प्रदर्शन)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

पृथिवी, जल, र अग्निको त्रिविध विभाग (त्रिवृतकरण) ऐले बताइन्छ ।

खानासाथ अन्न तीन प्रकारमा विभक्त भइहाल्छ । पुरीष (१) भुक्त अन्नको स्थूलतम भाग हो विष्टा मांस (२) मध्यम भाग हो मांस । र मन (३) सूक्ष्मतम भाग मन रूपले परिणत भएर मनको उत्कर्ष साधन गर्छ ।

जठराग्निबाट पाक भएपछि भुक्त अन्न तीन भागमा विभक्त हुन्छ—पुरीष मांस र मन । भुक्त अन्नको अतिशय सूक्ष्म भाग ऊर्ध्वस्थ हृदयदेशमा प्राप्त भैकन सूक्ष्म नाडीहरू-को भित्र प्रविष्ट भएर वाक् प्रभृति करणहरूको स्थिति सम्पा-दनपूर्वक मनोरूपमा परिणत भएर मनको पुष्टि सम्पादन गर्छ । अन्नद्वारा उपचित भएको हुनाले मनको भौतिकत्व नै निश्चित हुन्छ मन नित्य र निरवयव छैन । सूक्ष्म र दूरवर्ती इन्द्रिय ग्राह्य सारा विषयमा मनको ग्राहकता भएको हुनाले मनलाई दैव चक्षु भनिएको छ । इन्द्रियरूप विषयको अपेक्षा मन हो नित्य किनकि सत् पदार्थ हो एक र अद्वितीय ।

पानी पिएपछि त्यो पानी तीन भागमा विभक्त हुन्छ । पानीको स्थूलतम भाग मूत्र हुन्छ । मध्य भाग रक्त हुन्छ र अतिशय सूक्ष्म अंश प्राणरूपले परिणत हुन्छ । प्राण हो आपो मय (जलरूप—जल पान नगरे प्राण नष्ट हुन्छ) ।

अग्नि किंवा तेज भक्षित भए (अर्थात् तेल, घृतादि वस्तु खाए) त्यो तीन भागमा विभक्त हुन्छ—त्यसको स्थूलतम भाग हाड हुन्छ, मध्यभाग मज्जा (मासी हाडको भित्रको तेज पदार्थ) हुन्छ र सूक्ष्मतम भाग वाक् (वाणी) हुन्छ । तेल घिउ आदि

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

खाएमा वाक्इन्द्रिय जडताशून्य र शब्द उच्चारणमा समर्थ हुन्छ ।

यसरी मन हो अन्नमय—अर्थात् खाएको अन्नबाट परि-पुष्ट। प्राण हो आपोमय वागीन्द्रिय हो तेजोमय—अर्थात् भुक्त तैल घृत आदिबाट परिपुष्ट ।

प्रश्न—सूक्ष्म तीन भूतको विभाग देखाउनुको आशय के हो ?

उ०—असत्य भूतको कार्य असत्य जो देह इन्द्रिय प्राण र मन हो त्यस (अर्थात् मिथ्या देहादि संघातमा) म र मेरो बुद्धि गर्नू—म हुँ यो शरीर र प्राण हो मेरो यस्तो निश्चय गर्नु हो भ्रम मात्र—यो देखाउनुको लागि असत्य सूक्ष्म भूत हरूको कार्य–मन, वाक् , प्राण, मांस, रक्त, मज्जा आदिबाट गठित शरीरको कथा श्रुतिमा भनिएको छ ।

प्र०—यसको फलले के सिद्ध हुन्छ ?

उ– "म हुँ मनुष्य" यो भ्रम नष्ट भैहाल्छ। शरीर हो जड; तीन भूतको कार्य मात्र। म हुँ चैतन्य वस्तु। त्यसकारण भक्षित (खाइएको) तेज, जल, र पृथिवी रूप तीन भूतको अंशबाट निर्मित भएको स्थूल, मध्यम, र सूक्ष्म देह संघात हुन सक्तैन। देह, इन्द्रिय, अन्तकरण हो कथा मात्र (असत्य), किनकि तिनीहरू हुन् सूक्ष्म तीन भूतका कार्य मात्र। तिनोहरू-को उत्पत्तिको पहिले जो सब वस्तु विद्यमान थियो त्यो हो परमार्थ अद्वितोय ब्रह्म चैतन्य। त्यस्तै हो सृष्ट सारा जगत, प्रपञ्चको वास्तव स्वरूप (सर्वसाक्षी) अनात्म देहादि मेरो वास्तव स्वरूप हैन। देहादिमा आत्मबुद्धि परित्याग गरेपछि

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

कूटस्थ नित्य चित्स्वरूप ब्रह्म परिशिष्ठ रहन्छ। त्यसकारण म वास्तवमा ब्रह्मस्वरूप नै हुँ।

समस्त भूत हो त्रिवृतकृत

आगो, पानी र अन्न (पृथिवी) सारा नै हो त्रिवृतकृत— अर्थात् स्नेहपायी (तेल घृत खाने) प्राणीहरूको प्राण मन रहन्छ, जल मात्र पिउने माछा र ग्राह आदिको मन र वाक् रहन्छ र अन्न मात्र खाने इन्दुर (मूसा) आदि प्राणीको प्राण र वाक् रहन्छ।

प्र०—त्यसो भए मन हो अन्नमय यस्तो किन भनेको छ?

उ०—सम्पूर्ण नै जब त्रिवृतकृत हो तब सर्वत्र नै सारा ठाउँमा नै सारा पदार्थको अस्तित्व भएको छ—त्यो नै यहाँ बताइएको छ। कोही पनि अत्रिवृतकृत अन्न भक्षण गर्दैन किंवा अत्रिवृतकृत पानो पान गर्दैन किंवा अत्रिवितकृत तेज पनि भक्षण गर्दैन। त्यसकारण अन्नादि मात्र भोजी मूसा प्रभृतिको प्राण र वाक् रहनु विरुद्ध होइन। त्यसकारण मन हो भुक्त अन्नबाट परिपुष्ट र अनित्य र परिवर्तनशील एकमात्र ब्रह्म हो परमार्थ सत् र अद्वितीय वस्तु।

प्र०—यो देह हो समानरूपले तेज जल र पृथ्वीमय (अन्न-द्वारा परिपुष्ट) किनकि त्यो एकै देहमा उपभुक्त अन्न जल र स्नेह पदार्थहरू सूक्ष्मतम धातुरूपले यथाक्रमले मन प्राण र वागीन्द्रियको उपचय (वृद्धि) गर्छ। किन्तु इन्द्रिय मन र प्राण हो—तेज जल र पृथ्वीदेखि अत्यन्त भिन्न। त्यसकारण इन्द्रिय मन र प्राण कसरी भक्षित तेज, जल, अन्नको कार्य हुन शक्छ? यो दृष्टान्तबाट संझाइदिनुहोस्।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

उ०—दहि मथेपछि जस्तो त्यसको सूक्ष्मतम अंश नौनी रूपले माथि देखिदै आउँछ त्यो नै घिउ हुन्छ त्यस्तै खाएको अन्नको जो सूक्ष्मतम अंश हो माथिल्लो भागमा उठ्छ र त्यो नै मन हुन्छ—अर्थात् मनको पुष्टि साधन गर्छ। दहिदेखि अत्यन्त भिन्न घिउ जस्तो दहिको कार्य हो त्यस्तै इन्द्रिय, मन आदि तेज जल र अन्नको कार्य हो।

पीयमान जलको (पिएको पानीको) जो सूक्ष्मतम अंश हो त्यो माथि उठ्छ र त्यो नै प्राणरूप भइहाल्छ।

त्यस्तो भुक्त तेजको (घृतादिको) जो सूक्ष्म जल अंश हो त्यो ऊर्ध्वगामी हुन्छ र त्यो नै वागीन्द्रिय बन्दछ।

प्र०—अच्छा। जल र तेजको बारेमा तपाईंले जो भन्नुभयो त्यो ठीक होस्, तर मन हो अन्नमय यो कुरा दृष्टान्तबाट बुझाइदिनुहोस्।

उ०—भुक्त अन्नको जो सूक्ष्मतम अंश हो त्यो नै मनमा शक्ति उत्पादन गरिदिन्छ—त्यो शक्तिलाई सोह्र भागमा विभक्त गरिएको छ। यो शक्तिको सद्भावमा पुरुष द्रष्टा, श्रोता, कर्ता भईकन सारा क्रिया सम्पादन गर्न शक्दछ। यो प्रत्यक्ष गर्नुको इच्छा भए पन्ध्र दिनसम्म भोजन नगर्नु—इच्छानुसार जलपान गर्नु किनकि जलपान नगरे तिम्रो प्राण शरीरबाट निस्कि-हाल्छ। त्यसकारण भनिएको छ कि प्राण हो आपो (जल) मय (कार्य पदार्थ कैलै पनि कारणको सहाराविना अवस्थान गर्न शक्तैन। पन्ध्र दिन भोजन नगरे मनको बोधशक्ति (स्मरण-शक्ति) नष्ट भैहाल्छ। फेरि भोजन गरेपछि बोधशक्ति फर्केर आउँछ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

त्यसैले भनिएको छ कि मन हो अन्नमय, प्राण हो जलमय र वाक् इन्द्रिय हो तेजोमय।

प्र०—मन हो अन्नमय—यो देखाउनाको अभिप्राय के हो?

उ०—वाक् र प्राण हो भूतको कार्य यो बुझ्नमा आए पनि मन हो भौतिक (परिवर्तनशील र अनित्य) यो बुझ्नु कठिन प्रतीत हुन्छ। यसकारण वैशेषिकहरू मनलाई नित्य भन्दछन्—तर सोह्र दिनसम्म अनसन गरे मनको अपक्षय भैहाल्छ (त्यसकारण बोधशक्ति हराइहाल्छ) र फेरि भोजन गरेपछि मन वृद्धि प्राप्त हुन्छ र बोधशक्ति पुनरपि प्राप्ति हुन्छ। यस्तो प्रदर्शनबाट मन हो अन्नरूप यो स्पष्टरूपले बुझ्न सकिन्छ—यो नै हो यसको अभिप्राय।

सुषुप्ति (र स्वप्नतत्वको) विचार र मृत्युको विचार

जीवभाव हो मनोरूप उपाधिकृत। मनको अपगम भए जीवभाव निवृत्त भैहाल्छ। सुषुप्ति समयमा जीव आफ्नो वास्तव परमात्म स्वरूपसित मिलित हुन्छ। आफ्नो वास्तव स्वरूप प्राप्त हुन्छ। मनुष्य जस्तो प्रतिबिम्बरूपले ऐनाको भित्र प्रविष्ट हुन्छ, सूर्य जस्तो प्रतिबिम्बरूपले पानीमा पस्तछ त्यस्तै परमात्मा जीवरूपले मनको भित्र प्रविष्ट हुनुभो। जो (जीव) मनको भित्र प्रविष्ट भएर दर्शन श्रवणादि व्यवहार संपादन गरिराखेको छ त्यो मनको निवृत्ति भए त्यो (जीव) मनको निवृत्ति भए स्वयं आफ्नो ब्रह्मस्वरूपमा प्राप्त भइहाल्छ। सुषुप्ति भिन्न अरू कुनै भिन्न अवस्थामा जीवको आफ्नो स्वरूप प्राप्ति देख्नमा आउँदैन। ऐनामा देखिएको मान्छेको प्रतिबिम्ब

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

८५३२

जस्तो ऐना हटाएपछि पुरुषलाई नै प्राप्त भैहाल्छ त्यस्तै चैतन्यको प्रतिबिम्ब जीवरूपले मनको भित्र प्रविष्ट परब्रह्म—मन प्रभृति उपाधिको लय भए——जीवभाव परित्यागपूर्वक आफ्नो वास्तव सुखस्वरूपलाई नै प्राप्त गर्छ। सुषुप्ति समयमा पुण्य र पापसित जीवको सम्बन्ध हुँदैन र तब हृदय सारा दुःखदेखि अतीत भैहाल्छ। त्यसकारण सुषुप्ति हो सारा इच्छारहित परमानन्दस्वरूप।

प्र०——सुषुप्तिमा अवस्था विचारको रहस्य के हो ?

उ०—देह इन्द्रियादि संघात म हैन, यिनीहरू मेरा पनि हैनन्, म हुँ वास्तवमा सर्वसाक्षी स्वयंप्रकाश अद्वितीय ब्रह्मस्वरूप यस प्रकार सुषुप्ति अवस्थामा अनुभव हुन्छ। यस्तो अनुभवको विषयबाट जाग्रत अवस्थामा पनि देह इन्द्रियादिमा अभिमान शिथिल भैहाल्छ। परिणामले दुःखादि भोगकालमा पनि "शरीर र मन म हैन" यस प्रकारको स्वरूपको स्मृति संभव हुन्छ र आफ्नो वास्तव सुखस्वरूपको अल्प विस्तार (थोरबहुत) अनुभव हुन्छ।

यो नै हो सुषुप्ति विवेचनको रहस्य।

सुषुप्तिकालमा मानिस सद्ब्रह्मस्वरूपसित एकीभूत हुन्छ—अर्थात् मन प्रभृति उपाधिको संसर्गबाट खडा भएको जीवभावलाई परित्याग गरीकन परमार्थ सत्य आफ्नो अद्वितीय ब्रह्मरूप प्राप्त गरिहाल्छ। जाग्रतकालमा जीव पुण्य र पापजनित धेरै प्रकारको आयासप्रद सुखदुःखलाई अनुभव गरीकन परिश्रान्त भैहाल्छ। निद्राकालमा स्वप्नगम्य वस्तु दर्शन गरेर सुखदुःखको अनुभव गर्छ—त्यो पनि हो पुण्य र पापकर्मको फलरूप। त्यसो भएको हुनाले स्वप्नमा पनि स्वस्वरूप प्राप्त

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

हुन सक्दैन । सुषुप्तिकालमा जीव आफ्नो श्रम हटाउनको लागि आफ्नो परब्रह्म स्वरूपलाई प्राप्त गर्छ । स्वरूपमा अवस्थिति-विना अरू उपायबाट श्रमनिवृत्ति सम्भव छैन । मन उपाधियुक्त (मनको भित्र प्रविष्ट) भैकन यो जीव जाग्रत अवस्थामा धेरै प्रकारका विषयलाई ग्रहण गरेर अरू कुनै कालमा पनि विश्राम प्राप्त नगरीकन परमात्म स्वरूपलाई नै आसरा गर्दछ । आफ्नो ब्रह्मस्वरूप नै हो मनको (जीवको) वास्तव आश्रयस्थान ।

सोह्र भागयुक्त अन्वपचित—मनको भित्र प्रविष्ट भैकन (मन उपाधियुक्त भैकन) जीव नै अविद्या कामना र कर्मद्वारा सुख दुःखादिरूप भिन्न भिन्न वाटोमा भ्रमण गरेर जाग्रत र स्वप्ना-वस्थामा त्यो सारा अनुभव गरीकन—सुषुप्तिमा परमात्म आफ्नो वास्तव स्वरूपलाई नै आसरा गर्छ ।

जीवको आफ्नो वास्तव परमात्म स्वरूप ब्रह्म नै हो जगत-को मूल कारण । यो अन्यरस (पृथ्वी जल) आदि कार्य परंपरा क्रमले देखाइन्छ । शरीरको मूल हो भुक्त अन्न । अन्न रूप (पृथ्वी) कार्यको मूल कारण हो जल । जलरूप कार्यको मूल कारण हो तेज (अग्नि) । तेजरूप कार्यको मूल कारण हो सद्ब्रह्म । यो सारा जागतिक पदार्थ (जन्यपदार्थ) सत्स्वरूप ब्रह्मबाट उत्पन्न भएको छ , ब्रह्ममा स्थित छ र प्रलयकालमा ब्रह्मस्वरूपमा नै विलीन भैहाल्छ ।

अन्न नै हो शरीरको मूल (उपादान कारण) । माटोबाट जस्तो भित्ता वृद्धि प्राप्त हुन्छ त्यस्तो प्रतिदिन खाइएको अन्न-बाट अन्नपरिणाम यो देहरूप कार्य निष्पन्न हुन्छ । अन्न फेरि जल-बाट उत्पन्न भएको छ । जल तेजबाट उत्पन्न भयो । तेज (अग्नि) फेरि परमार्थ अद्वितीय ब्रह्मबाट उत्पन्न भएको छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

कुरा मात्र मिथ्या विकाररूप यो सारा जगत्—अविद्याबाट (मूलले आफ्नो स्वरूपलाई बिर्सीकन) रज्जु सर्पको झैं परमार्थ सत्य अद्वितीय ब्रह्मस्वरूपमा आरोपित भएको छ। त्यसोभए सद्वस्तु नै हो यो सारा जगतको मूल कारण।

तेज जल र अन्न (यी तीन देवता) पुरुषबाट युक्त भैकन जीव तीन भागमा विभक्त हुन्छ यो पहिले बताइएको छ। भक्षित अन्न आदिको जो मध्यम भाग (रगत मासु अस्थि मज्जा) हो त्यो सारा शरीरलाई पुष्ट गर्छ। जो सारा अतिशय सूक्ष्म धातु हो त्यो मन, प्राण, वाक् र अन्तस्करणसम्बन्धीलाई पुष्ट गर्छ। देह विनष्ट भए पनि जीवात्माबाट परिचालित भएका प्राण इन्द्रियहरू पूर्व शरीरबाट निस्कीकन अरू शरीरमा गमन गर्छ। जब मृत्यु नजीक आउँछ तब मानिसको वागइन्द्रिय मनमा मिलित हुन्छ (अर्थात् त्यो मानिस कुरा गर्न सक्तैन) जब त्यो चिन्ता मात्र गरिरहन्छ। त्यो मन पनि उपसंघित हुन्छ—सुषुप्ति समयको झैं मन पनि जब प्राणसित विलीन हुन्छ–तब मर्न आँटेको मानिस केही पनि अनुभव गर्न सक्तैन (त्यसको बोधशक्ति विलुप्त हुन्छ)। प्राण पनि जब ऊर्ध्व श्वासयुक्त भएर सारा वहिर् इन्द्रियहरूलाई समाहित (लिएर) गरेर–हस्तपाद आदिलाई विक्षिप्त गर्दै मर्मस्थानलाई भेदन गरेर नै बाहिर निस्कनाको लागि क्रमले निर्व्यापार भैकन तेजमा र शरीरको उष्मा (तातोपन) मा मिलित हुन्छ र मर्न आँटेको मानिस फेरि स्पन्दित हुँदैन (चल्दैन)। देह अलि काल तातो रहन्छ (मान्छे जीउँदो रहन्छ)। पछि त्यो तेज (तातोपन) पनि प्रशमित (शान्त) हुन्छ–त्यो तेज परमात्मस्वरूपमा मिलिहाल्छ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

यसरी मन क्रमक्रमले संकुचित भैकन आफ्नो मूल कारण-मा (सत् स्वरूप ब्रह्ममा) विलीन भएपछि मनमा अधिष्ठित जीव पनि सुषुप्ति कालको भैं त्यस कालमा आफ्नो सारा प्रयोजन परिसमाप्त भएको हुनाले विरत व्यापार (चलनरहित) हुन्छ। यदि सद्स्वरूप ब्रह्म विषयको अनुध्यानपूर्वक विरत हुन्छ तब तत् स्वरूप ब्रह्मलाई नै प्राप्त गर्छ (सुषुप्ति कालको भैं फेरि देहान्तर प्राप्तिको लागि उत्थित हुँदैन)। तर आत्मज्ञान-रहित मानिस–जो पहिले पनि मूल (सत् स्वरूपब्रह्म) बाट वियुक्त भैकन देहमा प्रवेश गरेको थियो त्यो मूलबाट नै उत्थित भएर (मरेर) फेरि देहजालमा जडित हुन्छ अर्थात् जन्मान्तर ग्रहण गरिहाल्छ।

यो सारा जगत नै हो सत्स्वरूप। यो परमार्थ अद्वितीय चैतन्य स्वरूपबाट नै संपूर्ण जगत् सत्तावान् हुन्छ र सद् भनोकन प्रतीत हुन्छ। सत्स्वरूप बाहेक अरू संसारी आत्मा हैन। "यो सत्स्वरूपदेखि भिन्न अरू कुनै द्रष्टा छैन कुनै श्रोता पनि छैन"—यस्तो श्रुति वचन छ। यो सद् वस्तु नै हो जगत को र जीवको वास्तवस्वरूप। तिमो म सबै नै हो त्यो एक अद्वितोय ब्रह्मस्वरूप।

"तिमी हो ब्रह्म" जो आत्माबाट यो सारा जगत आत्म-वान हो सत् ब्रह्मस्वरूप त्यो कारणवस्तु नै हो परमार्थ सत्य। तेज जल र पृथिवी (अन्न) रूप भूतमय भौतिक भोग्य पदार्थ हरू, भोगको आयतन शरीर, भोगको उपकरण इन्द्रिय— यिनीहरू सारा त्यो सद् ब्रह्मस्वरूपबाट उत्पन्न भएको छ। कार्य प्रपञ्चको सत्ता मूल कारणदेखि अतिरिक्त हुनसक्तैन।

प्र०—भोक्ता जीवहरू नित्य भएका हुनाले तिनीहरू त परमात्मादेखि भिन्न होलान् ?

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

उ०– भोग्य पदार्थको झैं भोक्ता कल्पित होइन किन्तु परमार्थ सत्य हो--त्यसकारण दृश्य भागको बाध भएपछि भोक्ता हो वास्तवमा ब्रह्मस्वरूप (ब्रह्मदेखि भिन्न होइन)। त्यसकारण अद्वैत सिद्धान्तको कुनै हानि भएन।

प्र०----यो स्पष्टरूपले प्रतिपादन गर्नुहोस्।

उ०----वाणी र मनको अतीत अत्यन्त सूक्ष्म जो अद्वितीय ब्रह्म वस्तु हो त्यसमा आरोपित भूत र भौतिक सारा दृश्य पदार्थ त्यो ब्रह्म वस्तुबाट नै सत्तावान हो। जस्तो चाँदी हो सिपीबाट सत्तावान। सारा कल्पनाको अधिष्ठान भएको हुनाले त्यो अद्वितीय ब्रह्म नै हो सत्य र सर्व कल्पित द्वैत प्रपञ्चको सत्ता र स्फूर्ति प्रदान भएको हुनाले त्यो ब्रह्म नै हो सम्पूर्ण दृश्यको वास्तवस्वरूप। तिमी म--सबै भोक्ता पुरुष---त्यो अद्वितीय ब्रह्मस्वरूपदेखि भिन्न होइन (किन्तु ब्रह्मस्वरूप नै हो)।

जो कुछ साक्षी चैतन्यबाट ज्ञान (प्रकाशित) हुन्छ त्यो सारा नै हो ब्रह्मस्वरूप--किनकि जो आरोपित हुन्छ त्यो अधिष्ठान सत्तादेखि भिन्न हुन सक्तैन। "जो यो सर्प हो त्यो हो डोरी" "यो रजत खण्ड हो सूक्तिरूप"—यो दृष्टान्तहरूको झैं प्रति समान सारा साक्षी भाष्य पदार्थ हो--पदार्थ रूपको बाधपूर्वक--अधिष्ठानस्वरूपदेखि अभिन्न।

प्र०—दृष्टान्त कस्तो हुन्छ ?

उ०—जो परमार्थ अद्वितीयपूर्ण चैतन्य ब्रह्म हो त्यो नै हो तिम्रो वास्तव स्वरूप। देहादि विशिष्ट जीवभाव (प्रमाता-) भाव) आगमापायो र दृश्य भएको हुनाले त्यो ज्ञानद्वारा बाधित भैहाल्छ र सर्व साक्षीपूर्ण चैतन्य ब्रह्म परिशिष्ट रहन्छ। त्यसकारण "जो यो सर्प हो डोरो" यस प्रकार दृष्टान्तको झैं

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

जीवभाव पनि बाधित भएर ब्रह्म स्वरूपमा परिसमाप्त हुन्छ (बाधपूर्वक समानाधिकरण)। त्यसैले तिमी हो वास्तवमा ब्रह्मस्वरूप—यो निःसन्दिग्धहरूले सिद्ध भो।

जीवको ब्रह्मस्वरूपता स्वयं अनुभव गरें "म हुँ ब्रह्म" यस्तो भनिन्छ र त्यो जीव र परब्रह्मको एकता अरूलाई बोध न गराउनाको लागि "तिमी हौ ब्रह्म" यस्तो उपदेश दिइन्छ।

एक अखण्ड अद्वितीय एकरस परमार्थभूत सत्य ब्रह्म वस्तु माया उपाधिवशात् (मायामा प्रतिबिंबित भैकन) सर्वज्ञ सर्वेश्वर नामले कहिन्छ। अविद्यामा प्रतिबिम्बित भएर त्यो परमेश्वर नै (अविद्याको वशमा परीकन) उ स्वतंत्र हर्ता भोक्ता संसारी जीव भनी कथित हुन्छ। माया हो विशुद्ध सत्व अविद्या हो मलिन सत्व। उपाधि भिन्न-भिन्न भए तापनि उपहित वस्तु (सद्रूपको लक्षार्थ) हो एक अखण्ड परिपूर्ण चैतन्य। संसारी भाव र सर्वज्ञता विरुद्ध भए तापनि त्यो हो उपाधिकृत। उपाधि कल्पित भएको हुनाले निरुपाधि चैतन्य हो एक परमार्थ अद्वितोय ब्रह्म। सर्वोपायरहित चिन्मात्र परमात्मा हो एकरस परमार्थ सत्यवस्तु। त्यसमा स्वतःसिद्ध एकत्व (अभेद) विद्यमान छ—त्यो स्वाभाविक अभेद भाव नै (अद्वैत स्वभाव नै) "तिमी हो ब्रह्म" यो वाक्यद्वारा प्रतिपादित भएको छ। जीव र ब्रह्मको भित्र एकजनासित अरूको पैलेदेखि असिद्ध एकत्व यो वाक्यद्वारा बोधित भएको छैन। दुइजना नै हो वास्तवमा एक अखण्ड अद्वितीय परमार्थ सत्य ब्रह्म वस्तु। त्यसकारण प्रतिबिम्बरूपलाई परित्याग गरेपछि (अर्थात् सीधा जानेपछि) दुवैको बिम्बस्वरूप एकै वस्तु सिद्ध हुन्छ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

प्र०—ब्रह्मको त्यो स्वरूपभूत काल यदि महावाक्यद्वारा बोधित गर्नुपर्छ भने ब्रह्म त स्वयं प्रकाश हुनसकेन।

उ०—महावाक्य एकत्व विषयमा निश्चय ज्ञान उत्पन्न गर्दैन। अपरिच्छिन्न (त्रिविध परिच्छेदरहित) अद्वैत एक रस चिन्मात्र वस्तुको एकत्व हो स्वतःसिद्ध। सारा उपाधिरहित ब्रह्म हो निर्विभाग, त्यसकारण अद्वैतस्वरूप। भूमन्द र मध्य-माधिकारी पुरुषले यो जान्दैन—त्यसकारण यो व्यावहारिक अज्ञानलाई नाश गर्नाको लागि वाक्यको प्रयोजन हुन्छ। महा-वाक्यबाट उत्पन्न भएको एकत्वविषयक मनोवृत्ति त्यो अज्ञान-लाई नाश गरिदिन्छ। त्यसकारण महावाक्य निष्प्रयोजन छैन। अद्वैत ब्रह्मस्वरूप पनि सधैं स्वप्रकाश भैरहको छ।

प्र०—एकत्वविषयक निश्चय ज्ञान यदि महावाक्यबाट उत्पन्न हुँदैन भने प्रमाणको अविषय भएको हुनाले त्यो ज्ञान सत्तारहित भैहाल्छ।

उ०—यो ठीक होइन। परप्रकाश्य वस्तु प्रमाणको विषय नभए सत्तारहित हुन्छ—तर एकत्व हो स्वयंप्रकाश चिद्रूप ब्रह्मको स्वरूपभूत (चैतन्यस्वरूपदेखि अभिन्न) त्यसकारण त्यो एकत्व हो सर्वदा प्रकाशमान। त्यसकारण "तिमी हौ ब्रह्म" यो महावाक्य आवरण अज्ञानको निवृत्तिको लागि आवश्यक हुन्छ–अद्वितीय चित्स्वरूपको प्रकाशनको लागि हो। परमार्थ अद्वितीय वस्तु सधैं प्रकाशमान नै भैरहेको छ।

प्र०—यो स्पष्ट गरेर बताउनुहोस्?

उ०—अद्वितीय ब्रह्मवस्तुको जो स्वभावसिद्ध एकत्व बताइएको छ त्यो स्वरूपभूत भिन्न प्रकाशदेखि अभिन्न भए-को हुनाले आफूबाट नै प्रकाशित भैहाल्छ। त्यसको प्रमाण

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

प्रमाणबाट संभव हुन सक्तैन किनकि त्यसलाई प्रकाशन गर्नको निम्ति प्रवृत्ति भएको जो प्रमाण हो त्यो साक्षीरूपले अवस्थित भएबाट नै प्रकाशित हुन्छ। त्यसकारण प्रमाण साक्षीस्वरूप-लाई कसरी प्रकाश गर्न समर्थ होला ?

यसरी ब्रह्मस्वरूपको साक्षात् निरूपण प्रदर्शित भयो।

प्र०—अज्ञान यदि सत्तारहित हो भने त्यसको निवृत्ति उपपन्न हुँदैन। अज्ञानलाई यदि ब्रह्मदेखि अभिन्न भन्नुहुन्छ भने अज्ञानको निवृत्तिको साथ ब्रह्म पनि निवृत्त भैहाल्छ। अज्ञानलाई यदि अरू केही भन्नुहुन्छ भने द्वैत प्राप्त हुन्छ।

उ०—वास्तवमा अज्ञान विलकुलै छैन। किनकि ब्रह्म-स्वरूपभूत चैतन्य प्रकाशमा अज्ञान रहन सक्दैन (जस्तो उज्यालोमा अन्धकार वस्न सक्तैन)। अज्ञान भ्रमले मात्र ब्रह्मस्वरूपमा आरोपित भएको छ—त्यसकारण त्यो कल्पित अज्ञान विद्या (ज्ञान) बाट निवृत्त भैहाल्छ। त्यसैले श्रुति-को महावाक्य वास्तवमा अज्ञानको बाधक होइन—केवल व्यवहार दृष्टिमा अज्ञानको बाधक कहिएको छ।

प्र०—त्यसोभए व्यावहारिक अज्ञानलाई मान्नुपर्छ ?

उ०—होइन—जेलाई व्यवहारिक अज्ञान भनिएको छ त्यो वास्तवमा ब्रह्म नै हो। अद्वितीय ब्रह्मविषयक अन्तस्करण वृत्तिद्वारा जो आवरण अज्ञानको निवृत्त हुन्छ त्यो अज्ञान हो वास्तवमा ब्रह्म नै। किनकि जस्तो सिपीमा चाँदी कल्पित हुन्छ त्यस्तै ब्रह्ममा जो अज्ञान आरोपित भएको छ त्यो ब्रह्म-देखि कुनै भिन्न वस्तु होइन। त्यसकारण वस्तु निरूपणमा अज्ञान भनी व्यवहार पनि जुक्तिसंगत हुँदैन, खालि अज्ञान भन्ने ब्रह्म वस्तुदेखि अतिरिक्त केही पनि सिद्ध हुँदैन।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

ब्रह्मस्वरूपको साक्षात् निरूपणमा शंकाहरू र तिनको समाधान

(क) प्रथम शंका—

मनुष्य प्रतिदिन सुषुप्ति समयमा ब्रह्मस्वरूप प्राप्त भैकन पनि "सुखस्वरूप प्राप्त भएको छु" भनी किन बुझ्न सक्दैन ?

समाधान—

माहुरीहरू भिन्न भिन्न वृक्षको रस हरण गरीकन त्यो रसलाई मधुरूपमा एकीभाव प्राप्त गराउँछन् तर ती रसहरू जस्तो "म हुँ फलाना वृक्षको रस" यस प्रकार विवेक (पार्थक्य बोध) प्राप्त गर्दैनन् त्यस प्रकार मनुष्यहरू सुषुप्तिमा आफ्नो ब्रह्मस्वरूपसित मिलित भैकन (एकीभूत भैकन) "म सत् ब्रह्मसित मिलित भएको छु" यस प्रकार बुझ्न सक्तैनन् । तात्पर्य यो हो कि लोकसमाजमा एकत्र समवेत चेतन धेरै मानिसहरूको मध्यमा जस्तो "म हुँ फलानाको पुत्र, म फलानाको नाति" यस्तो सबैले आफआफ्नो पार्थक्य बोध गरिहाल्छन् र विवेकको सहाराले आपसमा मिश्रित नभैकन रहन सक्तछन् त्यस्तो एकीभूत अमिलो मधुर तीतो कटु आदि धेरै प्रकार वृक्ष रसको मध्यमा "म हुँ आम्रवृक्षको रस किंवा कठाल (कटहर) वृक्षको रस "यस प्रकार विवेक (पार्थक्यबोध) सम्भव हुँदैन । माथिको दृष्टान्त जस्तो ठीक त्यस्तै प्राणीहरू प्रतिदिन सुषुप्तिकालमा प्रलयकालमा र मृत्युसमयमा परमार्थ सत्य अद्वितीय ब्रह्मस्वरूपको साथ मिलित भैकन पनि बुझ्न सक्तैनन् कि "हामीहरू सद्ब्रह्मको साथ मिलित भएका छौं । (आफ्नो वास्तव स्वरूपलाई प्राप्त गरेका छौं) ।

किनकि तिनीहरू ब्रह्मज्ञानबाट वञ्चित रहन्छन्, त्यसकारण

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

तिनीहरू आफआफ्नो कर्मानुसार यस लोकमा सिंह व्याघ्र कीट पतंग जो जस्तो थियो पछि पनि त्यस्तै भैहाल्छन् अर्थात् सुषुप्तिको पैले जो थियो सुषुप्तिको पछि पनि त्यसै रहन्छन् (मुक्त हुँदैनन्), किनकि तिनीहरू आफ्नो वास्तव परमात्म-स्वरूपलाई नजानीकन नै परमात्मस्वरूपलाई प्राप्त गर्छन्— त्यसकारण सुषुप्तिको पैले जो जो कर्मानुसार व्याघ्र आदि जो जो जातिमा प्राप्त थिए तिनीहरू त्यो सारा ज्ञान र कर्म संस्कारको साथ सत्स्वरूप ब्रह्ममा प्रवेश गरीकन पनि त्यो भावमा नै फेरि फर्केर आउँछन् ।

(ख) द्वितीय शंका—

आफ्नो घरमा सुप्त भएको पुरुष जस्तो निद्रा टुटेपछि अरू गाउँमा पुगीकन बुझ्न सक्दछ कि म आफ्नो घरबाट आएको छु त्यस्तै "म सद्स्वरूपबाट आएको छु" यसको बोध सुषुप्तिबाट जागेका मानिसहरूको किन हुँदैन ?

समाधान--

जस्तो पूर्व दिनमा चलिराखेको गंगा आदि नदी पूर्व दिशा-पट्टि नै गैरहन्छन् र पश्चिम दिशामा स्थित सिन्धु आदि नदीहरू पश्चिम दिशामा बगिरहन्छन्—ती नदीहरू मेघद्वारा समुद्रबाट आकृष्ट भएर फेरि वृद्धिरूपले खसीकन गंगा आदि रूप धारण गरीकन फेरि समुद्रमाई प्राप्त हुन्छन् (समुद्र नै भैहाल्छन्) । ती नदीहरू जस्तो समुद्रभित्र समुद्ररूपले एकीभाव प्राप्त भैकन जान्न सक्तैनन् कि "म हुँ गंगा" किवा "म हुँ यमुना" त्यस्तै यी सारा प्राणी सद्ब्रह्मस्वरूपबाट आईकन जान्न सक्तैनन् कि "हामीहरू सद्ब्रह्मबाट आएका छौं" किनकि तिनीहरूले सद्-ब्रह्मसित मिलित भैकन पनि सद्ब्रह्मलाई जानेका छैनन् त्यस-

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

कारण आफ्नो सद् वास्तवस्वरूपबाट आईकन पनि बुझ्न सक्तैनन् नि "हामीहरू आफ्नो सद्ब्रह्मस्वरूपबाट आएका हौं"। सत्स्वरूपबाट आईकन पनि तिनीहरू जस्तो सत्स्वरूप प्राप्तिको पैले थिए ठीक त्यस्तै तिनीहरू रहिरहन्छन् (केही पनि कर्तव्य हुँदैन)।

(ग) तृतोय शंका—

पानीबाट तरंग फेन बुद्बुद उठिहाल्छ र फेरि पानीभाव प्राप्त भैकन विनष्ट भैहाल्छ, तर जीवहरू प्रतिदिन सुषुप्ति समयमा र प्रलय र मरणकालमा कारण ब्रह्मभाव प्राप्त भैकन पनि किन विनष्ट हुँदैनन् ?

समाधान--

कुनै वृक्षको मूल (जरा) मा एकचोटि कुठाराघात गरेपछि पनि त्यो रूख बाँचिरहन्छ तर रस मात्र निस्कन्छ। कोही यदि त्यो रूखको माझमा आघात गर्छ तापनि त्यो रूख बाँचिरहन्छ केवल रसमात्र निस्कन्छ। कोही यदि त्यो रूखको टुप्पामा आघात गर्छ तापनि त्यो रूख बाँचिरहन्छ केवल रसमात्र निस्कन्छ। जीवात्मा यसको भित्र प्रविष्ट भैरहेको हुनाले तब पनि मूलद्वारा रसपान गरोकन हर्षयुक्त रहिरहन्छ (बाँचिरहन्छ)।

तर रूखको जोव जब यसको एउटा हाँगालाई परित्याग गर्छ तब त्यो हाँगाचाहि सुकेर जान्छ। जब दोस्रो हाँगालाई वृक्षको जोवले त्याग गर्छ तव त्यो दोस्रो हाँगा पनि सुकेर जान्छ। जब तेस्रो हाँगालाई पनि जोव त्याग गर्छ तब त्यो तेस्रो हाँगा मात्र सुकेर जान्छ। जब सारा हाँगालाई वृक्षको जीव परित्याग गर्छ तब सिंगै वृक्ष (रूख) चाहि सुकेर जान्छ (अर्थात् त्यो रूख मरेर जान्छ)।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

जीव वाक्, मन प्राण र इन्द्रियहरूमा अनुप्रविष्ट रहन्छ। खाइएको र पिइएको वस्तु प्राणयुक्त जीवको सहाराले रस रूपमा परिणाम भैकन जीवयुक्त वृक्ष शरीरको वृद्धि साधन गर्छ। त्यसकारण त्यो रस नै हो जीव सद्भावलाई जनाउँछ। किनकि जीव खाइएको र पिइएको वस्तुको सहाराबाट नै देह-भित्र अवस्थान गर्छ। त्यो पान भोजन हो जीवको कर्मा-नुयायी। त्यसकारण जीवको यौटा अंग विग्रेपछि त्यो (हाँगा-लाई) वृक्षको जीवले परित्याग गर्छ, त्यो हाँगाबाट आफूलाई हटाइलिन्छ। त्यसपछि त्यो हाँगा सुकेर जान्छ। जीवको अवस्थिति हो रसस्थितिसम्म र त्यो हो जीवको कर्मद्वारा अर्जित। रसको अभावमा हाँगा सुकेर जान्छ। रस क्षरण (रस चुहुनु) र सुक्नु आदि शरीरमा रातोपन (लालपन) देखिएको हुनाले जीवको नाश भएको छैन भन्ने बुझिन्छ। स्थावर (रूख) पदार्थ पनि चेतनायुक्त भैरहन्छ।

बताइएको रूखको झैं जीवबाट परित्यक्त यो शरीर नै मर्छ (विनष्ट हुन्छ) तर जीव मर्दैन–जीव हो सद्ब्रह्मस्वरूप।

सुषुप्ति र मृत्युपछि जीव विद्यमान रहन्छ

यो कुरा दृष्टान्तद्वारा यहाँ देखाइन्छ—

(१) कार्य समाप्त गरीकन निदाएको मानिस निद्राबाट उठेर "मेरो यो काम सकिएको छैन" यस्तो स्मरण गरीकन बाँकी समाप्त गर्छ यस्तो देखिन्छ।

(२) भर्खर जन्मेको बालकको दूध पिउने प्रवृत्ति देखिन्छ. (डर र कम्प आदि चिह्न देखिन्छ)। जीवले पैले पैलेको

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

जन्ममा यो सारा विषयलाई अनुभव गरेर आएको छ त्यो चाहिं ऐले बालखको शरीरमा प्रकट हुन्छ ।

(३) वेदविहित अग्निहोम आदि कर्मको सार्थकताको लागि भन्नुपर्छ । जीवको मृत्यु छैन, देहको साथ यदि जीवको मृत्यु छ भने त्यो जीव अग्नि होम यज्ञको फलभोग कैले गर्ने ? जीव मृत्युरहित भएमा मात्र परजन्ममा अग्नि होम कर्मको फल भोग्न सक्तछ । जीव मर्दैन, शरीर मात्र मर्छ । त्यसकारण स्वर्गादि परलोकमा जीव कर्मको फल भोग गर्छ ।

(घ) चतुर्थ शंका—

अत्यन्त स्थूल र नामरूप विशिष्ट यो पृथ्वी आदि जगत कसरी धेरै सूक्ष्म र नाम रूपरहित सद्ब्रह्मबाट उत्पन्न होला ?

समाधान––

यौटा वरको फलभित्र त्यसको भित्र एक खण्डलाई फेरि मिचे त्यसको भित्र केही पनि देखिदैन तापनि त्यो अदृश्य बीजाणुभित्र नै शाखा स्कन्ध आदि युक्त एउटा ठूलो वट वृक्ष स्थित रहेको हुन्छ । यस विषयमा श्रद्धा गर्नुपर्छ (त्यो उक्तिमा विश्वास गर्नु उचित छ) ।

मिचिएको वट बीजको भित्र बीजाणु देखिंदैन तापनि जान्नुपर्छ कि त्यो नदेखिएको सूक्ष्म रूप अणुको नै कार्यरूप यो स्थूल शाखा स्कन्ध र पुष्प पत्रयुक्त महान वट वृक्ष उत्पन्न भएर अवस्थान गरेको छ । त्यसकारण नाम र रूप आदि विशिष्ट स्थूल कार्यरूप यो जगत सत् अद्वितीय ब्रह्मवस्तुबाट नै उत्पन्न भएको छ—यो कुरामा विश्वास गर । यसमा पनि युक्ति र शास्त्रबाट निर्णीत भएको वस्तुमा निश्चय बुद्धि हुन्छ तापनि वाक्य विषयमा आसक्त र बाहिरी विषयमा नै प्रवृत्ति-

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

शील मानिसको लागि ज्यादा श्रद्धा नभए त्यो विषय हृदयंगम गर्न कठिन हुन्छ—त्यसकारण श्रद्धा हो अत्यन्त आवश्यक। श्रद्धा उत्पन्न भए ज्ञातव्य विषयमा मनको स्थिरता हुन्छ र त्यसपछि त्यो विषयचाहिं प्रतीतिगोचर हुन सक्छ।

(ङ) पञ्चम शंका—

सद्ब्रह्म स्वरूप नै यदि जगतको कारण हो भने त्यो प्रत्यक्ष किन हुँदैन ?

समाधान—

विद्यमान वस्तु पनि प्रत्यक्ष गोचर हुँदैन— त्यस विषयमा द्राष्टान्त बताइन्छ। एक लवण खण्ड पानीमा विक्षेप गरे केही कालपछि त्यसको खोजी गरे तापनि त्यो निक्षिप्त नूनको डल्लो पानीभित्र पाइन सकिंदैन। लवण खण्ड पानीमा मिश्रित भैकन विद्यमान छ–यस्तो कुरा बुझिंदैन।

निक्षिप्त लवण पानीमा विलीन भएर बसेको छ, भन्ने अनुभव गर्न जललाई पिउनुपर्छ अनि बुझिन्छ कि फ्याँकिएको लवण पानीमा विद्यमान छ।

जस्तो पानीभित्र विद्यमान लवण देखिंदैन त्यस्तै तेज, जल र पृथ्वीको परिणामरूप यो शरीरभित्र अवस्थित भएको सत् ब्रह्म वस्तुलाई पनि आँखाले देखिंदैन। किन्तु वास्तवमा त्यो ब्रह्म वस्तु यो शरीरभित्र नै विद्यमान छ।

विलीन भएको नून जस्तो आँखा किंवा स्पर्शबाट उपलब्धि गोचर नभए तापनि पानीभित्र जो निश्चयरूपले नै विद्यमान छ यो जिभ्राको सहाराबाट अनुभव गर्न सकिन्छ। ठीक त्यस्तै—तेज, जल र अन्नबाट उत्पन्न भएको यो कार्यरूप शरीरमा नै–तेज, जल र पृथ्वीको कारणभूत सत्

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अद्वितीय ब्रह्म वस्तु विद्यमान नै भैरहेको छ। ठीक त्यस्तै वट बीजभित्र वटको बीजाणु अवस्थित रहन्छ– इन्द्रियहरूबाट त्यसको उपलब्धि हुँदैन किन्तु अरू उपायबाट त्यसको उपलब्धि संभव छ।

(च) षष्ठ शंका—

त्यो सद्‌पदार्थलाई उपलब्ध गर्ने उपाय के हो ? यो कुरा दृष्टान्तबाट बुझाइदिनुहोस्।

समाधान—

(ब्रह्म साक्षात्कारको उपाय)

जस्तो बद्धचक्षु अवस्थामा घरबाट ल्याइएको र जंगलमा परित्यक्त भएको कुनै मानिस गन्तव्य दिशालाई स्थिर गर्न सक्दैन तर कुनै दयालु पुरुषको सहाराले जसोतसो आँखाको बन्धन हटाईकन त्यसलाई गन्तव्य दिशाको उपदेश दिइन्छ र उपदेश ग्रहणमा कुशल त्यो मानिसले जस्तो एक गाउँको पछि आर्को आउँमा जिज्ञासाबाट पुगीकन आखिर आफ्नो गन्तव्य देश प्राप्त गर्छ–ठीक त्यस्तै जो मुमुक्षु पुरुषले सद्‌गुरु प्राप्त गरेको छ त्यो भूत भएको कार्यरूप यो शरीरमा नै जगतको मरण ब्रह्मलाई अवगत गरिहाल्छ।

दयालु पुरुषबाट बन्धन विमुक्त भैकन त्यो मानिस उपदिष्ट गाउँमा पुग्ने बाटो निर्णय गर्न समर्थ भएको हुनाले एक ग्रामपछि अर्को ग्राममा सोधपूछ गर्दै आफ्नो ठाउँमा पुग्छ तर जो मानिस मूढबुद्धि छ किवा अरू देशमा पुग्ने अभिलाषी छ त्यो मानिसले स्वदेश प्राप्त गर्न सक्दैन।

स्वदेशबाट बद्धचक्षु अवस्थामा तस्कर आदिबाट जंगलमा परित्यक्त भएको विवेकहीन दिशा भ्रमग्रस्त भोक प्यासले

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

समाकुल बाघ चोर आदि धेरै भयंकर अनर्थयुक्त जंगलमा निर्वासित भएको र दुःखबाट पीडित मनुष्य जस्तो इनकार गर्दै गर्दै बन्धनबाट छुटकारा पाउनाको लागि पर्खिराखेको थियो, आखिरमा कुनै प्रकारले एक सज्जन दयालु पुरुषबाट बन्धन विमुक्त भएर त्यो दुःखी मानिस जस्तो स्वदेशमा प्राप्त भएर परम शान्ति लाभ गरीकन सुखी हुन्छ बिलकुल त्यस्तै सारा मनुष्य पुण्य पापरूप तस्करहरूबाट मोहले आवृत दृष्टि भएर र स्त्री पुत्र मित्र, क्षम बन्धु प्रभृति पापले र विषय तृष्णा पापले आबद्ध अवस्थामा जगत कारण सद्ब्रह्म-स्वरूपमा अनवहित (असावधान) भएर तेज जल र अन्न-मय वात पित्त कफ मांस मेद अस्थि मज्जा मूत्र र पुरीष (विष्टा) युक्त र शीत उष्ण आदि द्वन्द्वयुक्त देहरूप जंगलमा प्रवेश गरेको छ। म हुँ अमुकको छोरा, यिनीहरू हुन् मेरा बान्धव, म सुखी, दुःखी पण्डित, मूर्ख, धार्मिक, वृद्ध र पापी छु, मेरो पुत्र मरेको छ, मेरो धन नष्ट भैसकेको छ, म मरेको छु, कसरी बाँच्न सक्छु, म कहाँ जाऊँ, को मलाई रक्षा गर्ला यस प्रकार शत सहस्र अनर्थ जातमा जडित भैकन चोत्कार गर्दै गर्दै कुनै प्रकारले महान पुण्यको बलले सत् स्वरूप ब्रह्म-ज्ञानी मुक्त दयालु श्रेष्ठ कुनै गुरुलाई प्राप्त गर्छ र त्यो ब्रह्मवेत्ता गुरु यदि अनुग्रह गरीकन सांसारिक विषयको दोष दर्शनको उत्तम मार्ग देखाएर सांसारिक विषयबाट अनासक्त तुल्याईकन "तिमी फलानाको छोरा इत्यादि विषयधर्मयुक्त मानिस हैन किन्तु तिमी हौ त्यो सद्ब्रह्म वस्तु भनी" बुझाइदिनुहुन्छ तव नै त्यसको अविद्या आवरण उन्मोचित भैहाल्छ र त्यो आफ्नो सदस्वरूप आत्माको उपलब्धि गरीकन चिरसुखी भैहाल्छ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

प्रश्न—यस्तो जान्नाको लागि के महावाक्य नै एकमात्र उपाय छ ?

उ०—यस्तो जान्नाको लागि प्रथम हेतु हो ब्रह्मज्ञानी आचार्यको उपदेश किनकि उपदेश प्राप्त भएपछि उत्तमाधिकारी-लाई आफ्नो चैतन्य स्वरूपको बोध उदित भैहाल्छ । उपदेश मात्रले जसलाई साक्षात्कार प्राप्ति हुँदैन त्यसको लागि (मध्यमा-धिकारीको लागि) प्रमाण आदिको—असंभावना निरसनको निम्ति विचार प्रयोजन हुन्छ ।

प्रश्न—साक्षात्कारवान पुरुषको सारा कर्म नष्ट भैहाल्छ नि ?

उत्तर—ब्रह्मज्ञानको अव्यभिचारी फल हो मोक्ष । कुरा यो हुन्छ कि–ब्रह्मज्ञानले यदि कर्म क्षय हुँदैन र अनादि काल-देखि सञ्चित भैराखेको कर्म यदि क्रमक्रमले परवर्ती एक एक शरीरलाई उत्पन्न गर्छ भने ज्ञानीको देहको अवसान नभएको हुनाले मुक्ति प्राप्तिको आस्था रहँदैन । यस्तो अवस्था प्राप्त न-होस् भनेर यदि ब्रह्मदर्शीको सारा कर्मको क्षय स्वीकार गरिन्छ भने पनि कर्मको अभाव भएमा ब्रह्मज्ञान प्राप्तिको साथसाथै देहको नाश हुनुपर्छ । देह नभएको कसको आचार्य होला ? आचार्यको अभाव भए ज्ञान प्राप्तिको पनि संभावना हुँदैन र त्यसकारण मुक्तिको पनि अभाव भैहाल्छ ।

यस्तो सिद्धान्त यो हो कि कर्महरू दुई प्रकारका हुन्छन् अर्थात् कर्महरूको दुईवटा विशेष लक्षण छ–(१) प्रवृत्त फल कर्म किंवा प्रारब्ध कर्म र (२) अप्रवृत्त फल । प्रवृत्तफलक कर्म-बाट ज्ञानीको यो शरीर उत्पन्न भएको छ र केवल उपभोग-बाट नै त्यो सारा कर्मको क्षय हुन्छ । अप्रवृत्त फलक कर्म तो

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

कर्म हुन् जुनचाहिं वर्तमान जन्ममा ज्ञान-प्राप्तिको पैले गरिएका थिए किंवा पश्चात् गरिन्छन् (को प्रमान) अथवा अतीत अरू जन्ममा गरिएका थिए। ती सारा कर्महरू ज्ञानबाट दग्ध भैहाल्छन्। त्यसकारण ज्ञानीको जीवन रक्षा आदि प्रयोजन नभए तापनि प्रारब्ध कर्महरूको फलभोग हो अवश्यम्भावी। त्यसकारण ज्ञानीको त्यति कालसम्म—मन आत्मा स्वरूप लाभको निम्ति विलम्ब हुन्छ। कति कालसम्म विलम्ब हुन्छ ? जहाँसम्म कि जुन कर्मबाट वर्तमान शरीर आरूढ भएको छ भोगद्वारा ती सारा कर्मको क्षय भएपछि ज्ञानीको देहपात हुँदैन त्यतिसम्म (विलम्ब हुन्छ)। देहपात हुनेबित्तिकै (त्यो क्षणमा नै) त्यसको ब्रह्म भाव प्राप्त हुन्छ (सारा वासनाको अभाव देखिन्छ)। जुन क्षणमा देहपात हुन्छ त्यो क्षणमा नै सत्स्वरूप लाभ हुन्छ।

(छ) सप्तम शंका—

आचारवान पुरुष कसरी सत्वस्तुलाई प्राप्त गर्छन् त्यो दृष्टान्तद्वारा संझाइदिनुहोस्। तिनी मृत्युपछि अर्चिरादि (ज्योति) मार्गबाट गईकन सत्स्वरूप ब्रह्मलाई प्राप्त गर्छन् कि ?

समाधान—

अज्ञानी (संसारी) मनुष्यको मरण प्रणालो जस्तो हो ज्ञानीको सत् सम्पत्ति प्रणाली पनि तदनुरूप हो। मुमुर्षु (मर्न लागेको) मानिसको वाक् मनमा विलीन हुन्छ, मन प्राणमा विलीन हुन्छ र प्राण तेजमा विलीन भैहाल्छ। त्यसपछि बोध शक्ति हराउँछ।

अज्ञानी मनुष्य पैलेको संस्कारअनुसार व्याघ्र आदि भाव

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

किवा देवता आदि भाव अथवा मनुष्यादि भाव प्राप्त गर्छ। किन्तु ज्ञानवान पुरुष मन आदिको लय भए शास्त्र र आचार्यको उपदेशजनित ज्ञानदीपबाट प्रकाशित आफ्नो सत् ब्रह्मस्वरूपमा प्रवेश गरेर फेरि जन्म ग्रहण गर्दैन। यो नै हो परमार्थ अद्वितीय ब्रह्म प्राप्तिको क्रम (प्रणाली)। ज्ञानी पुरुष सुषुम्ना नाडीबाट बहिर्गत भएर आदित्यलोक चन्द्रलोक र विद्युतलोक आदि क्रमले सत् स्वरूप ब्रह्मलाई प्राप्त गर्दैन किनकि देखिन्छ कि देश काल र निमित्तअनुसार फलाभिलाषी मनुष्यको नै स्थानविशेषमा गमन हुन्छ।

(१) किन्तु सत्स्वरूप आत्मैकत्वदर्शी सत्याभिसन्धि पुरुषको असत्य देशकाल र निमित्त अनुयायी।

(२) फलाभिलाष उपपन्न हुन सक्तैन। अधिकन्तु गमनको निमित्त भूत अविद्या कामना र कर्महरू सत् वस्तु ब्रह्म ज्ञानरूप अग्निद्वारा दग्ध भएको हुनाले गमनको नै संभावना रहँदैन।

(ज) अष्टम शंका--

मृत्युको पछि सत् सम्पत्ति (ब्रह्मप्राप्ति समान भएमा पनि अज्ञानी मानिस संसारमा फर्केर आउँछ र ब्रह्मवेत्ता पुरुष आउँदैन--यसको कारण दृष्टान्तबाट संझाइदिनुहोस्।

समाधान--

प्राचीन कालमा वादी र प्रतिवादीको विवाद संवेद्यको विषयीभूत भई दिव्य परीक्षाको व्यवस्था थियो तातो बञ्चरो ग्रहण। त्यसको अन्यतम वादी पक्षले दोष खडा गर्छ कि मुख्य वादी त्यसलाई अस्वीकार गर्दछ--यस्तो संकट अवस्थामा दिव्य परीक्षा ग्रहण गर्ने नियम थियो। यौटा बञ्चरो अग्निमा राम्ररी तताईकन संदिग्ध अपराधीले आफ्नो हातमा लिनुपर्थ्यो। त्यो

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

मानिसले यदि साँच्चिकै पाप गरेको भए त्यसको हात डढिहाल्थ्यो, निरपराध भए बञ्चरो समात्दा केही पनि कष्ट हुँदैनथ्यो। परिणामले त्यो निरपराधी पुरुष बन्धन मुक्त भैकन परमानन्दमा प्राप्त हुन्थ्यो। चोर भैकन पनि बाहिर गोपन (लुकाउँथ्यो) गर्थ्यो। यो त्यसो भए त्यो मानिस आफूलाई अनृत्व गर्थ्यो (असत्य व्यवहार गर्थ्यो—अर्थात् चोर भैकन पनि आफूलाई चोर होइन भनी प्रकाश गर्थ्यो)। असत्यलाई त्यो मानिस असत्य व्यवहारबाट आफूलाई व्यवघात (फरक) गरीकन मोहवशले तातो बञ्चरो ग्रहण गरीकन डढिहाल्थ्यो। त्यसपछि असत्य अभिसन्धिको परिणामले त्यो मानिस राजपुरुषहरूबाट सजायँ प्राप्त गर्थ्यो।

पक्षान्तरमा त्यो मानिस यदि वास्तविक चोर नभए त्यहाँबाट नै आफूलाई सत्य छु भनी प्रतिपादन गर्थ्यो। सत्याभिसन्ध त्यो पुरुष आफूलाई सत्यद्वारा आच्छादित गरीकन तातो बञ्चरो ग्रहण गर्दा पोलिँदैनथ्यो त्यसपछि मुक्ति लाभ गर्थ्यो। त्यो आफूलाई सत्यवादी तुल्याईकन सत्यबाट व्यवहित भएको हुनाले पोलिँदैन थियो र परिणामले मिथ्या अभियोगकारोहरूबाट मुक्त भैहाल्थ्यो।

चोरीको कर्ता र अकर्ता दुवै जनाको नै तातो बञ्चरोको साथ दुवैले हातले बञ्चरो समाते पनि अनृत्व अभिसन्ध पुरुष (झुट्टा कुरा गर्ने) लाई पोल्थ्यो। सत्याभिसन्ध (सत्यवादी)-लाई पोल्दैनथ्यो—यो नै सत्य र मिथ्याको फलगत तारतम्य हो। त्यस्तै सत्याभिसन्ध र असत्याभिसन्ध पुरुष द्वयमा भित्र सद् ब्रह्मज्ञ पुरुषको मुक्ति हुन्थ्यो (पुनरपि शरीर ग्रहण हुँदैनथ्यो) तर तब अनभिज्ञ पुरुषको पुनरपि जन्म हुन्थ्यो।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

यसरो सद्ब्रह्माभिसन्ध पुरुषको र अनात्माभिसन्ध पुरुषको शरीरपात समयमा सत् संपत्ति समान भए तापनि ज्ञानी सद्ब्रह्मलाई प्राप्त गरीकन फेरि व्याघ्र मनुष्य किवा देवता भाव ग्रहण गर्न फर्केर आउँदैनथ्यो तर अज्ञानी मनुष्य (सद्ब्रह्मप्राप्त भैकन पनि) मिथ्यामय जगतमा अभिनिविष्ट भैरहेको हुनाले पूर्वसंचित कर्म र चिन्तनअनुसार व्याघ्रादि किवा मनुष्यादि भाव प्राप्त भैहाल्छ ।

जो आत्माको अनुसन्धानमा मोक्ष र अननुसन्धानमा बंध हुन्छ त्यो हो जगतको मूलकारण, सारा वस्तु जसमा अवस्थित र विलीन हुन्छ र जो चाहि हो, अज, अमृत, अभय, अद्वितीय, र कल्याणमय—त्यो नै हो एकमात्र सत्य वस्तु र त्यो नै हो जीवको वास्तवस्वरूप ।

प्र०—जीव (तपाईं म) के हो ?

उ०—प्रश्नकर्ता तिमी हो त्यो परमार्थ अद्वितीय ब्रह्म वस्तु जो—दर्पणमा प्रतिबिम्बित पुरुष को झैं किवा जलादिमा प्रतिबिम्वित सूर्यादिको झैं—नामरूप प्रकट गर्नको लागि—तेज जल र अन्नमय यो कार्य कारण आत्माकै शरीरमा प्रविष्ट भैकन अवस्थित छ । तिमी परमात्मादेखि भिन्न अरू कोहो पनि होइन ।

किन्तु त्यसो भए तापनि आचार्यको यो उपदेश श्रवण गर्नु हो पैले तिमी आफूलाई यो कार्य कारणसंधानरूप देहदेखि सम्पूर्ण पृथक् परमार्थ सत्य स्वप्रकाश ब्रह्म भनी जानेको थिएन । दृष्टान्त र युक्तिबाट तिम्रो चिदानन्दस्वरूपता आचार्यको उपदेशबाट जानेपछि तिमीले विशेषरूपले बुझ्न सकेका छौ कि तिमी सद्ब्रह्मस्वरूप नै हो ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

प्र०—यो आत्माविषयक उपदेश प्राप्तिको के फल हो ?

उ०—प्रमाणभूत श्रुति र गुरुको उपदेशबाट तिम्रो कर्तृत्व भोक्तृत्व विषयमा म कर्ता भोक्ता हुँ भनीकन जो अधिकार बुद्धि थियो त्यसको निवृत्ति भयो ।

तिम्रो वास्तव ब्रह्मस्वरूपलाई जान्नाको लागि नै श्रवण र मननको अधिकारी भनी शास्त्र र गुरुले तिमीलाई निर्देशन दिन्छन् । यसरी ब्रह्मज्ञान लाभको पहिले तिम्रो जो म अग्नि होत्रादि कर्म गर्छु, म हुँ यसको अधिकारी, यो लोक परलोकमा म नै यी सारा कर्मको फल भोग गर्छु र कर्महरू सम्पन्न भए कृतकृत्य हुन्छु, कर्तृत्व भोक्तृत्वमा म नै हुँ अधिकारी" यस्तो जो भ्रम ज्ञान थियो त्यो "तिमी हौ परमार्थ सत् अद्वितीय ब्रह्म स्वरूप" यो उपदेश प्राप्त भैकन अज्ञान निद्राबाट जागरित भएपछि निवृत्ति भइहाल्यो ।" म हुँ एक अद्वितीय आत्मा यस प्रकार जानेपछि यो हो मदेखि भिन्न योबाट यो कार्य सम्पन्न हुन्छ, यो कार्य अनुष्ठानबाट यसको फल भोग गर्छु" यस प्रकार भेद,बुद्धि उपपन्न हुन सक्तैन । त्यसकारण एक अद्वितीय सत्यब्रह्म वस्तु परिज्ञान भए अवस्तु देहादि विषयमा आत्मबुद्धि नष्ट भैहाल्छ—यो हो युक्तिसिद्ध ।

प्र०—जीव यदि सत्स्वरूप नै हो भने त्यो आफूलाई किन जान्न सक्दैन ?

उ०—कार्य करण संघात (देह इन्द्रियदि) देखि म हुँ पृथक् र कर्ता भोक्ता—यतिसंम पनि जब मानिस जान्दैन तव त्यसलाई सत् स्वरूपको ज्ञान कसरी हुन सक्ला ?" म हुँ देह इन्द्रियदेखि भिन्न" यस प्रकार ज्ञान नभए तापनि कर्तृत्वादि ज्ञान देखिन्छ त्यस्तै देहादिमा आफ्नो बुद्धि भएको हुनाले सत्स्वरूप-

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

को ज्ञान उत्पन्न हुन सक्तैन । त्यसकारण भ्रमज्ञान निवारणको लागि ब्रह्मस्वरूपको उपदेश प्रयोजन हुन्छ ।

ब्रह्म र आत्माको एकता विषयमा ब्रह्म-गीतामा प्रतिपादित ईश्वर वचनको पाठ र व्याख्या

विचार दशामा–अध्यस्त अज्ञान र तत् कार्यको ईश्वरमा विलय भएको हुनाले ईश्वरदेखि अतिरिक्त त्यसको सत्ता हुन सक्तैन । कल्पित वस्तुको नाश हो अधिष्ठानको अवशेष मात्र । यो दृश्यमान सारा प्रमेय प्रपञ्च होइन–किन्तु सत्स्वरूप नै हो । यसलाई बाध सामान्याधिकारण्य भनेको छ ।

अविचार दशामा--प्रतिभासमान सारा प्रपञ्च हो चैतन्य-स्वरूप––यसलाई संसर्ग सामान्याधिकरण्य भनेको छ ।

समाधि र साक्षात्कारको विवेचन समाप्त ।

संक्षिप्त प्रतिपाद्य विषयहरू

(१) कर्मकाण्ड र ज्ञानकाण्डको अविरोध

कर्मकाण्ड हो कल्पित द्वैतविषयक—ज्ञानकाण्ड हो सत्य अद्वैत ब्रह्मवस्तुपरक । प्रमाणको बारेमा विचार । ज्ञान हो स्वतः प्रमाण (स्वतःसिद्ध प्रमाण) । द्वैत प्रतिपादन हो प्रयो-जनरहित–अद्वैत प्रतिपादनबाट सर्वोत्कृष्ट प्रयोजन सिद्ध हुन्छ । प्रमाण हो वास्तवमा प्रयोजनको अधीन त्यो श्रुति र अभेद श्रुतिको आशय ।

(२) अद्वैत वस्तु हो वेदको तात्पर्य

निषेध मुखले ब्रह्मवस्तुको प्रतिपादन—विधिमुखले

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अद्वैत प्रतिपादन। जीव जगत र ईश्वर हो एक ब्रह्मवस्तु नै—उपाधि भेदले भिन्न-भिन्न भनी प्रतीत हुन्छ। जीव र ब्रह्म हो एक—साक्षात्कार भएपछि संसार निवृत्त भैहाल्छ (त्यसको दृष्टान्त)। जगत हो मिथ्या—सारा उपनिषद् वाक्य हुन् एकत्वबोधक—स्मृति र पुराण वाक्य हुन् वेदवाक्यका अंग-रूप। ज्ञान कर्मको अंग हुन सक्तैन। कर्मानुष्ठान र अद्वैत ज्ञान हो परस्पर विरोधी। आत्मदर्शनको कारण (अंगी) र उपकारी अंग। कर्मको आवश्यकता।

(३) उपनिषद्को उपासना र त्यसको उपयोगिता

उत्तमाधिकारीको लागि ज्ञान र मन्द अधिकारीको लागि ध्यान (उपासना) वेदान्त शास्त्रमा कहिएको छ। ज्ञान र ध्यानको भेद। चित्तको सत्यता पक्ष र मिथ्यात्व पक्ष र विचार र जोग— निरोध समाधि र ज्ञान। कर्मभन्दा उपासना हो श्रेष्ठ। सगुण र निर्गुण उपासनाको फल। शाण्डिल्य विद्या र दहर विद्या। उपासनाको उपयोगिता। उपासना हो ज्ञानको परंपरा साधन—उपासनाद्वारा कसरी ज्ञान प्राप्त हुन्छ त्यसको विवेचन।

(४) ब्रह्मस्वरूपको साक्षात् निरूपण

ब्रह्म हो जगतको कारण, त्यसैले ब्रह्मको साक्षात्कार भए सम्पूर्ण जगतको ज्ञान संभव हुन्छ। जगतको निमित्त र उपादान कारण हो ब्रह्म। श्रुतिको पैले जगत कारण रूपमा नै विद्यमान थियो। असत्कारणवादको खण्डन। सृष्टि प्रणाली वर्णन। सृष्टिक्रमको निरूपण श्रुतिको अभिप्राय होइन—परमार्थ अद्वितीय वस्तु प्रतिपादन हो श्रुतिको एकमात्र अर्थ प्राय। ब्रह्मको वुद्धिपूर्वक शरीरमा प्रवेश। जीवभाव हो ब्रह्म-

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

को प्रतिबिम्ब । सुख दुःखादि धर्म हो बुद्धिको—त्यसबाट आफ्नो वास्तवस्वरूपको केही पनि विकार हुन सक्तैन । जीव सत्स्वरूपले सत्य हो जोवरूपले असत्य हो । त्रिवृतकरणको दृष्टान्त र त्यसको अर्थ—नाम र तदनुरूप ज्ञान बाहेक आगो भन्ने कुनै पदार्थ छैन । यस प्रकार आदित्य चन्द्र र विद्युत हुन् कुरा मात्र, कुरादेखि भिन्न अलिकति पनि केही होइन । त्रिवृतकारणको आशय । एक विज्ञानले सर्व विज्ञानको सिद्धि ।

(५) ब्रह्मस्वरूपको साक्षात् निरूपण(क्रमागत)

अन्नको तीन विभाग । मनको पूर्व साधन र मनको अन्नमयत्व प्रदर्शन । पृथ्वी जल र अग्निको त्रिविध विभाग । अन्नद्वारा उपचित भएको हुनाले मन हो भौतिक । मनलाई किन दैवचक्षु भनेको छ । अग्नि आदि स्थूलभूत हुन् त्रिवृत भूत, इन्द्रिय, प्राण, मन कसरी भूतको कार्य हो त्यसको प्रतिपादन । मन हो अन्नमयत्व । दृष्टान्तद्वारा प्रतिपादन ।

६ सुषुप्ति र मृत्युको विचार

जीवभाव हो मन उपाधिजनित । मनको लय भए (सुषुप्तिमा) जीव आफ्नो परमात्म स्वरूपलाई प्राप्त गर्छ । सुषुप्ति हो जीवको वास्तव आश्रय स्थान सुषुप्ति विचारको रहस्य । ब्रह्म हो जगतको मूलकारण । सद्ब्रह्मबाट तेज उत्पन्न हुन्छ, तेजबाट जल, र जलबाट पृथ्वी र अन्नबाट शरीर उत्पन्न हुन्छ । फेरि देह विनष्ट भए प्राण र इन्द्रियहरू पैलेको देहबाट निस्कीकन देहान्तरमा गमन गर्छ तर सत् सपन्न पुरुष जन्मान्तर ग्रहण गर्दैन ।

(७) "तिमी हौ ब्रह्म"

"तिमी" र "ब्रह्म" भिन्न भिन्न उपाधिवशात् भिन्न

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

प्रतीत हुन्छ। उपाधि हो मिथ्या र उपहित एक रस परमार्थ अद्वितीय ब्रह्म हो सत्य। त्यो सत्य वस्तु नै "तिमी हौ ब्रह्म" यो वास्तवबाट प्रतिपादित भएको छ। दुइवटा प्रतिबिम्ब हो वास्तवमा एक विम्बस्वरूप नै। महावाक्य एकत्वविषयक ज्ञानलाई उत्पन्न गर्दैन— किन्तु अज्ञानको नाश गरिदिन्छ। स्वभावसिद्ध एकत्व स्वयं प्रकाशमान भैरहन्छ। त्यो प्रमाणद्वारा प्रकाशित हुँदैन। व्यावहारिक अज्ञान पनि वास्तवमा छैन।

ब्रह्मस्वरूपको साक्षात् निरूपणमा शंका र त्यसको समाधान

प्रथम शंका र त्यसको समाधान, द्वितीय शंका त्यसको समाधान, तृतीय शंका र त्यसको समाधान, चतुर्थ शंका र त्यसको समाधान।

(८) अद्वैत ब्रह्मस्वरूपमा शंका र समाधान (क्रमागत)

पञ्चम शंका र त्यसको समाधान

षष्ट शंका र त्यसको समाधान

(१०) शंका र समाधान (क्रमागत)

सप्तम शंका र त्यसको समाधान

अष्टम शंका र त्यसको समाधान

(११) ब्रह्म र आत्माको एकता विषयमा ब्रह्मगीतामा प्रतिपादित ईश्वर वचनको पाठ र व्याख्या

(१२) समाधि र साक्षात्कार विवेचना

संक्षिप्त विवरण समाप्त

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri. Funding: MIDE

१

वाल्मीकिविद्यापीठपुस्तकालयः

प्रत्यावर्तनतिथिः

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

८९३२

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

वैद्यको

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu